# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क २६ पूर्णाङ्क २६४ | २०७८ पुस १२ गते सोमबार | Monday, 27 Dec., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।-


## कक्षा ८ की छात्रा विमला बोगटीको हत्याका दोषीलाई कारबाही गर्न अखिल (क्रान्तिकारी)को माग




काठमाडौं । ओखलढुङ्गा जिल्ला, चम्पादेवी गाउँपालिका, वडा नं. ३, चित्रेस्थित श्री बालज्योति मा.वि., कक्षा ८ मा अध्ययनरत १४ वर्षीया छात्रा बिमला बोगटी यही पुस ५ गते विद्यालयमा प्रवेश गर्दा नियमित प्रार्थनाको प्रक्रियामा पुगेको तर विद्यालयको गेटभित्र छिर्न नदिइएको बाँकी ७ पेजमा

# 'ओली–प्रचण्ड नवप्रतिक्रियावादी हुन्– कम्युनिस्ट होइनन्, विप्लवले पनि त्यही बाटो समात्दैछन्'




❑ अनु निरौला/जय दाहाल

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्यले ओली र प्रचण्डहरू कम्युनिस्ट नभएर नवप्रतिक्रियावादी भएको विचार व्यक्त गर्नुभएको छ । १२९ औं माओदिवसको सन्दर्भमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले यस्तो विचार व्यक्त गर्नुभएको हो ।

मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्तको रूपमा राजनीतिक कार्यदिशा तय नगर्ने कुनै पनि पार्टी कम्युनिस्ट पार्टी हुन नसक्ने जिकिर गर्दै उहाँले आफूलाई क्रान्तिकारी भएको दावी गर्ने विप्लव पनि ओली-प्रचण्डतिरकै यात्रामा अगाडि बढेको बताउनु भयो ।

माओ र माओका योगदानलाई कतिपयले हेप्ने र नजरअन्दाज गर्ने गरेको टिप्पणी गर्दै मार्क्सवाद-लेनिनवादको श्रृङ्खलाबद्ध सार्वभौम विकासको रूपमा मार्क्सवादका तीनवटै अंग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा बाँकी ४ पेजमा

## के अमेरिकाले पचास करोड डलरमा नेपालको सार्वभौमिकता किन्न खोज्दैछ ?



❑ बु इताओ

सं.रा.अमेरिका अधिनस्त भौतिक पुर्वाधार निर्माण सम्बन्धी सम्झौता, एमसिसिको विषयलाई लिएर आजकल नेपाली समाज आन्दोलित हुँदै आएको छ ।

सन् २०१७ मा नेपाल सरकार र अमेरिकी वैदेशिक सहयोग निकायबीच एमसिसि सम्झौतामा हस्ताक्षर भएको थियो । नेपालको भौतिक पुर्वाधार परियोजना निर्माण तथा सडक मर्मतलाई अभिवृद्धि गर्नको लागि ५० करोड अमेरिकी डलर प्रदान गर्ने अमेरिकाको योजना रहेको छ । सतहमा हेर्दा राम्रै देखिने यो परियोजनाले नेपालमा निकै गरमागर्मी बहस उठाएको छ ।

भनिन्छ, नेपालको सार्वभाविकतालाई पैसामा किन्ने अर्थात 'नेपालको सार्वभौमिकता मात्र ५० करोड रूपैयाको हो ।' भन्ने लक्ष्य यस सम्झौताले बाँकी ६ पेजमा

## क्रान्तिकारी पत्रकार महासंघले ६ महिनाभित्र तेस्रो राष्ट्रिय सम्मेलन गर्ने

### क्रान्तिकारी पत्रकार महासंघ बाँकेको दोस्रो भेला सम्पन्न



काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघले ६ भित्र तेस्रो राष्ट्रिय सम्मेलन गर्ने जनाएको छ । महासंघका पुस ४ गते पश्चिम नवलपरासीको बर्दघाटमा बिशेष राष्ट्रिय भेलाको निर्णय सार्वजनिक गर्दै महासंघले उक्त जानकारी दिएको हो ।

महासंघका नवनिर्वाचित अध्यक्ष नारायण पंगेनी र महासचिव रवि पाण्डेयद्वारा जारी बक्तब्यमा भनिएको छ ' मिडियामा बढ्दो बैदेशिक र अपारदर्शी लगानीले नेपालको स्वाधीनता र सार्वभौमिकतामाथि नै खतरा उत्पन्न गर्ने ठहर गर्दै बैठकले यसको विरोधमा सशक्त आवाज उठाउने निर्णय गरेको छ ।'

त्यसैगरी क्रान्तिकारी पत्रकार महासंघ बाँके जिल्लाको दोस्रो भेला बाँकी ४ पेजमा

## राज्यको संरक्षणमा अपराध बढेको भन्दै आन्दोलनमा उत्रिन अनमसंघ (क्रान्तिकारी)ले गऱ्यो अपिल

काठमाडौं ।नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी)ले एक वक्तव्य जारी गरी हत्या, बलात्कारलगायत सरकारद्वारा शृङ्खलाबद्ध भइरहेका राष्ट्रघात(देशघात) र जनघातका घटनाहरूको घोर भर्त्सना गरेको छ ।

हालै ओखलढुंगा जिल्लाको चम्पादेवी वडा न.३ कि विद्यार्थी बालिका बिमला बोगटीलाई विद्यालय प्रवेशमा रोक लगाउने, निष्कासन गरिदिने धम्कि लगायतका घटनाले आत्महत्याका लागि दुरुत्साहन भएको गम्भीर आशंका गर्दै वक्तव्यमा उक्त घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कडा कार्वाहीको माग गरिएको छ ।

अनेमसंघ (क्रान्तिकारी)की अध्यक्ष अम्बिका मुडभरीले जारी गरेको वक्तव्यमा भनिएको छ, 'सिंगो देश राष्ट्रघाती एमसिसी सम्झौताको विरुद्ध सशक्त आन्दोलनमा जुटिरहेको बेला सरकार र कतिपय संसदवादी पार्टीहरू एमसिसी सम्झौता संसदबाट अनुमोदन गराउने गम्भीर राष्ट्रघात गर्न उद्दत भई रहेका छन् । महंगी , कालाबजारी , हत्या हिंसा बाँकी ४ पेजमा



## संसद भवन घेराउ : एमसीसी विरुद्धको सशक्त प्रतिरोध



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (विप्लव), नेकपा (मसाल), नेकपा (माले), नेकपा (ऋषि कट्टेल), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी लगायत ६ कम्युनिस्ट पार्टी र दुई मोर्चा देशक्त जनगणतान्त्रिक मोर्चा र राष्ट्रिय जनमोर्चाको संयुक्त आयोजनामा २८ मंसिरमा गरिएको संसद भवन घेराउ कार्यक्रम एमसीसी सम्झौताका विरुद्धको एउटा सशक्त प्रतिरोध थियो ।

प्रहरी प्रशासनको घेरा तोड्दै संसद भवन प्रवेश गर्ने सबै द्वार अगाडि गरिएको विरोध प्रदर्शन, प्रहरीसँगको पटक पटकको झडप, अन्धाधुन्ध बाँकी ४ पेजमा

## एमसीसी सम्झौता र यसको खारेजीको प्रश्न

*यो परियोजनामा अमेरिकाले ५० करोड डलर खर्च गर्ने र नेपालले त्यसमाथि १३ करोड डलर थप्नु पर्ने संझौता भएको छ । रकमको हिसावले मात्र मूल्यांकन गर्ने हो भने यो ठुलै रकम हो । यसलाई केहि मानिसहरुले विशुद्ध अनुदान भएको भनेर हल्ला मचाइरहेका छन् । यती ठुलो रकम एम् सी सी सम्झौता विरोधी गतिविधिले गर्दा फिर्ता जाने भयो भनेर गोहीको आँसु झार्नेहरु पनि देखा परेका छन् नेपालमा । संचार माध्यम र सामाजीक संजालमा आएको जानकारी अनुसार अहिले सम्म परियोजनाको लागि भनेर १० अरब रू भन्दा बढी खर्च भैसकेको छ*



● सी पी गजुरेल ●

अमेरिकी सरकारले मिलेनियम् च्यालेंज कर्पोरेसन (एमसीसी) सुरु गरेको १८ वर्ष बितिसकेको छ । यसको नामबाट पनि बुझ्न सकिन्छ कि यो परियोजना अमेरिकी साम्राज्यवाद माथि २१ औं शताब्दिमा आएको चुनौतीको सामना गर्ने उद्देश्यका साथ सोच विचार गरेर ल्याइएको परियोजना हो । सँधै भरी, निरन्तर रूपमा आर्थिक, सामरिक लगायत सबै क्षेत्रमा अमेरिका पहिलो नै हुनु पर्दछ अमेरिका महाशक्ति बनिनै रहनु पर्छ भन्ने साम्राज्यवादी सोच र मान्यतालाई लागु गर्न यो परियोजनाको परिकल्पना गरिएको कुरा यसले तयार पारेको दस्तावेज पढ्दा स्पष्ट सँग बुझ्न सकिन्छ । यो परियोजना आफ्नो अनुकुलतामा अमेरिकाले विभिन्न देशमा विभिन्न समयमा लागु गर्ने गरेको छ । नेपालमा यसको प्रारम्भ आज भन्दा चार वर्ष अघि प्रचण्डको नेतृत्वमा माओवादी केन्द्र र नेपाली कांग्रेसको गठवन्धन सरकार भएको बेलामा तत्कालिन अर्थ मन्त्री नेपाली कांग्रेसका ज्ञानेन्द्र बहादुर कार्कीले एमसीसीका पदाधिकारीसँग सन् २०१७ मा लिखित सम्झौता गरे पछि यो चर्चामा आउन सुरु भयो । तैपनि यो त्यत्ती व्यापक चासोको विषय बनेको थिएन । तर, सन् २०१९ मा अमेरिकी सरकारले यो संझौतालाई संसदबाट पारित गर्नु पर्ने प्रावधान त्यसमा थप गरिदिए पछि यो विषय विशेष चासो र चर्चाको विषय बन्न पुगेको हो । सरकार सँग मात्र सम्झौता गरेर लागु हुने विषय भएको भए त्यसको जानकारी सबैलाई नहुन पनि सक्दथ्यो । तर संसदबाट अनुमोदन गर्नु पर्ने भए पछि यो वहश र छलफलको विषय बन्नै पर्ने अवस्थाको सिर्जना भएको हो ।

***अनुदान हो कि राष्ट्रिय स्वाधीनता माथि धावा ?***

यो परियोजनामा अमेरिकाले ५० करोड डलर खर्च गर्ने र नेपालले त्यसमाथि १३ करोड डलर थप्नु पर्ने संझौता भएको छ । रकमको हिसावले मात्र मूल्यांकन गर्ने हो भने यो ठुलै रकम हो । यसलाई केहि मानिसहरूले विशुद्ध अनुदान भएको भनेर हल्ला मचाइरहेका छन् । यती बाँकी ७ पेजमा

## सम्पादकीय

# माओदिवस र नक्कली कम्युनिस्टले फिजाएका भ्रम

१२९ औं माओदिवस मूलतः नेपालका तीनवटा कम्युनिस्ट पार्टीले मनाए। मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाले काठमाडौं उपत्यका लगायत देशैभर विभिन्न कार्यक्रम गरी माओदिवस मनाए। पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र)ले माओदिवसकै अवसर पारेर पार्टीको आठौं महाधिवेशनको उद्घाटन गऱ्यो। माओवादी केन्द्रको उद्घाटनमा माओ र माओका विचारको विषयमा कम चर्चा भयो, बढी समसामयिक विषयमा कुरा चले। क्रान्तिकारी माओवादी र नेकपाका कार्यक्रमहरूमा भने विश्व सर्वहारावर्गीय क्रान्तिमा दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा माओले गरेका सार्वभौम योगदानको विषयमा विशेष चर्चा भयो।

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले आजको दुनियाँमा 'माओवाद' नमान्नेहरू कम्युनिस्ट हुन नसक्ने र मार्क्सवाद-लेनिनवाद-माओवाद मात्र भनेर नुहने त्यस अनुसारको राजनीतिक कार्यदिशा पनि तय गर्नुपर्ने कुरामा विशेष जोड दिनुभयो। उहाँको तर्क थियो- वर्गचरित्रका हिसाबले नेपालको वर्तमान संविधान र लोकतान्त्रिक गणतन्त्र प्रतिक्रियावादी भइसके। यही व्यवस्था र संविधानको रक्षा गर्नुपर्छ भन्नेहरू कम्युनिस्ट पनि हुन सक्दैनन् र क्रान्तिकारी पनि हुन सक्दैनन्। त्यसमाथि सच्चा मार्क्सवाद-लेनिनवादी-माओवादी त हुने कुरै भएन।

वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायकत्व, निरन्तर क्रान्ति, महान सर्वहारा सांस्कृतिक क्रान्तिलाई पार्टीको गाइडलाइन नबाउने पार्टीहरू कम्युनिस्ट पार्टी हुन सक्दैनन् भन्ने उहाँको स्पष्ट भनाइ थियो। उहाँले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)लाई पुरानै संसदीय व्यवस्थाको मतियार भएकोले प्रतिक्रियावादीहरूको दलाल अर्थात् नवप्रतिक्रियावादी भएको टिप्पणी गर्नुभयो। एमाले र माओवादी केन्द्र दुवै पार्टीले वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायत्व, निरन्तर क्रान्ति तथा सर्वहारा सांस्कृतिक क्रान्तिको मान्यतालाई पहिले नै छाडिसेका छन्। उनीहरूले शान्तिपूर्ण संक्रमणको कुरा गरिरहेका छन्। माओवादी केन्द्रले हेटौडा महाधिवेशनबाट नै शान्तिपूर्ण संक्रमणको नीति लिएको हो भने एमालेले त धेरै पहिलेदेखि नै संशोधनवादी बाटो समातेको हो। त्यसैले क्रान्तिकारी माओवादीले एमालेलाई संशोधनवादी र माओवादी केन्द्रलाई नवसंशोधनवादी पार्टीको संज्ञा दिदै आएको छ।

मोहन वैद्य किरणले माओदिवसकै दिन नेकपा (मसाल) र त्यसका नेता मोहनविक्रम सिंहलाई 'महाअवसरवादी'को संज्ञा दिनुभएको छ। दस्तावेजमा नयाँ जनवाद र दीर्घकालीन जनयुद्धको लाइन बनाउने र व्यवहारमा प्रतिक्रियावादी र नवप्रतिक्रियावादीहरूको सत्ता गठबन्धनमा छिर्ने मोहनविक्रम सिंहको लाइन घोर अवसरवादी भएको उहाँको टिप्पणी थियो।

त्यसैगरी आफूलाई अब्बल क्रान्तिकारी भएको दावी गर्दै आएको नेत्रविक्रम चन्द विप्लवप्रति पनि महासचिव किरणको टिप्पणी थियो- ओली र प्रचण्डकै लाइनतिर पार्टीको लाइन सोझ्याइसके। शान्तिपूर्ण रूपले पार्टीका सबै गतिविधि गर्ने भनेको अन्ततः संशोधनवादी लाइन नै हुने उहाँको विश्लेषण थियो।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले भने 'नयाँ विचार' र 'क्रान्तिकारी पार्टी निर्माण'को नाममा भ्रामक प्रचारबाजी गरिरहेका छन्। घोर दक्षिणपन्थी संशोधनवादी/अवसरवादी लाइन बोकेर मार्क्सवाद-लेनिनवाद-माओवादको फलाको हाल्न छाडेका छैनन्। अझ नयाँ विचार र क्रान्तिकारी पार्टीको कुरा गरेर आमूल परिवर्तनका पक्षधर जनता र कम्युनिस्ट नेता कार्यकर्तालाई भ्रमित तुल्याउने काम गरिरहेका छन्। नेपाल अर्धसामन्ती, अर्ध तथा नवऔपनिवेशिक अवस्थामा नरहेको, नयाँ जनवादी क्रान्ति सम्पन्न भइसकेको र समाजवादमा शान्तिपूर्ण संक्रमणको रूपमा अगाडि बढ्ने भन्ने माओवादी केन्द्रको राजनीतिक कार्यदिशा संशोधनवादी, अवसरवादी कार्यदिशा हो। प्रचण्डको यो भ्रमका विरुद्ध क्रान्तिकारीहरूले जेहाद छेड्न जरुरी छ।

प्रतिक्रियावादी, संशोधनवादी र अवसरवादी कित्ताबाट क्रान्ति र क्रान्तिकारी पार्टीका विरुद्ध छरिएका भ्रमबाट जनता र इमान्दार कम्युनिस्ट क्रान्तिकारीहरूलाई मुक्त नपारेसम्म क्रान्तिलाई संगठित रूपमा अगाडि बढाउन मुस्किल पर्ने हुँदा सबै सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूको यतिबेलाको प्रमुख कार्यभार भनेको संशोधनवादी, अवसरवादी र प्रतिक्रियावादीहरूले फिजाएको भ्रमलाई राम्रोसँग चिरफार गर्नु हो। र, क्रान्तिकारीहरूबीचको एकता र ध्रुवीकरणमा जोड दिनु हो।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा


विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com

## १२९औं माओ दिवसका सन्दर्भमा:

# कम्युनिस्ट पार्टीबारे माओका तीन महत्वपूर्ण अवधारणाहरु

*माओको अर्को महत्वपुर्ण पक्ष हो पार्टीभित्र चल्ने दुई-लाइन संघर्ष । दुई-लाइन संघर्ष पार्टी सङ्गठनात्मक सिद्धान्तहरूको सन्दर्भमा, जसलाई माओले मार्क्सवादी बुझाई र सिद्धान्तको विकास गर्नु भयो, त्यसको अर्को पक्ष थियो । माओको पद्धति, जो द्वन्द्वात्मक भौतिकवादमा आधारित छ, समाजमा विद्यमान वर्गहरूको परावर्तनको रूपमा कम्युनिष्ट पार्टीभित्र वेठिक मतहरूलाई हेर्नु थियो । यसरी जुन लामो समयसम्म समाजमा वर्गसंघर्ष निरन्तर भइरहन्छ, पार्टीभित्र विचारधारात्मक सङ्घर्षमा यसको परावर्तन अनिवार्य छ*



● हुकुमबहादुर सिंह ●

जनवादी केन्द्रीयता,पार्टीभित्र चल्ने दुई-लाइन संघर्ष र पार्टीले लिने मास लाइन, यी तीन अति महत्व राख्ने विषयहरूवारे माओले विस्तृत रूपमा प्रकाश पारेको पाइन्छ तर कम्युनिस्ट पाटीहरूले यिनको वर्तमनको सान्दर्भिकता र महत्ववारे आँखा चिम्लेको पाइन्छ। यो लेखमा ती वारे संक्षिप्तमा चर्चा गर्ने प्रयास गरिएको छ।

माओ चीनीयाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा आएदेखि उहाँले पार्टीलाई साँचो अर्थमा लेनिनवादी लाइनमा विकास गर्न सबै प्रकारका प्रयासहरू गर्नु भयो। पहिलेका गलत लाइनहरू, खासगरी वाङ्मिङ्को तेस्रो 'वाम' प्रभावले गर्दा पार्टीको काम गराइमा घेरै प्रकारका भड्कावहरू जन्मीएका थिए। एकपक्षीय(सेक्टारियन) बुझाइले गर्दा जनवादी केन्द्रीकृत कार्यसञ्चालनका कुनै पनि सही नर्मसहरू थिएनन् र दुई लाइन सङ्घर्ष पद्धति पुर्णरूपले गलत थियो।

पार्टी क्याडरहरूको सम्लग्नता र तिनीहरूसितको सरसल्लाह, छलफलविना र प्लेनमहरू र अन्य वैठकहरूको आयोजनालाई छलयोजना(मेनीपुलेटिंग)द्धारा निर्णयहरू लिइएका थिए। दुई लाइन सङ्घर्षलाई खुलारूपले सञ्चालन गरिएका थिएनन् र पार्टीभित्र दृष्टिकोणको अर्को विचार राख्नेहरूका प्रतिनिधिहरूलाई हत्तोत्साहित गरिएका थिए र दण्डीत गरिएका थिए। कठमुल्लावादका कारणले गर्दा पनि मासलाइनको कार्यान्वयन थिएन।

माओले यी सबै भडकावहरू सुधार्नका साथै उपयुक्त फोरमहरू र अंगहरूको निर्माण गर्न आवश्यक सबै प्रकारका प्रयासहरू गनु भयो। यो प्रक्रियामा माओले घेरै संगठनात्मक अवधारणाहरूलाई स्पष्ट पार्ने काम र विकास गर्ने पनि गर्नु भयो। उहाँले निम्न लिखित केही निस्चित गलत बुझाई जो अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा र केही हदसम्म स्तालिनको नेतृत्वमा सोभियत संघको कम्युनिष्ट पार्टी भित्र पनि हुर्किएका थिए, त्यसलाई सच्याउन पनि कोशिस गर्नु भयो।

माओले यी सुधार गरिनु पर्ने र विकास गरिनु पर्ने अवधारणहरूमा प्रथम जनवादी केन्द्रीयता सम्वन्धी अवधारणा, दोस्रो पार्टीभित्र चल्ने दुई-लाइन सङ्घर्ष र तेस्रो मास लाइन थिए।

जनवादी केन्द्रीयता सम्वन्धी अवधारणा एउटा महत्वपूण थियो, जसको सुधार गरिनु पर्ने र विकास गरिनु पर्ने आवश्यकता थियो। माओले पार्टीभित्रको साम्प्रदायिकता र नोकरशाही भड्कावहरूलाई सच्याउनका लागि गरिएका प्रयासहरूका वारेमा उहाँको अति महत्वपूर्ण जनवादी केन्द्रीयता सम्वन्धी कृतिमा वर्णन गरेको पाइन्छ। माओको जनवादी केन्द्रीयताको बुझाई स्प्ष्टतापुर्वक 'पहिलो जनवाद, अनि केन्द्रीयता' हो। उहाँले यसलाई धेरै तरिकाले वर्णन गरेको पाइन्छ र उहाँले भन्नु भएको छ-'यदि त्यहाँ जनवाद छैन् भने त्यहाँ कुनै केन्दीयता हुन सक्दैन् ,' 'केन्द्रीयता भनेको जनवादको जगमाथि बनाइएको केन्द्रीयता हो। फराकिलो जनवादी आधार सहीतको सर्वहारा केन्द्रीयता।' माओको यो विचार उहाँको यो बुझाइमा आधारित थियो कि केन्दीयताको



अर्थ सवभन्दा पहिलो सही विचारहरूको केन्द्रीकरण हो।

यसलाई लिनका लागि सबै कमरेडहरूका निम्ति उनीहरूका विचारहरू र व्यक्त धारणाहरू र यसलाई उनीहरू भित्र विर्को लगाएर नराख्न आवश्यक थियो। यो त्यसवेला मात्रै सम्भव हुन सक्थ्यो जब त्यहाँ पूर्ण सम्भावित जनवाद थियो जहाँ कमरेडहरूले तिनीहरू के भन्न चाहन्छन् भन्ने वर्णन गर्न स्वतन्त्र हुने छन् र उनीहरूका रिसलाई समेत थुक्न सक्ने छन्। त्यसकारण जनवाद विना अनुभव संश्लेषण गर्न असम्भव हुने छ। जनवाद विना, जनसमूहहरूबाट विचारहरू नआइकन, असल लाइनहरू, सिद्धान्तहरू, नीतिहरू अथवा तरिकाहरू निर्माण गर्न असम्भव छ। जे भएता पनि सही विचारहरूको केन्द्रीकरणको आधारमा सर्वहारा जनवादमा बुझाइमा एकता, नीतिमा एकता, योजना,कमाण्ड र कार्यमा एकता प्राप्त गर्न सम्भव छ।

माओले जनवादी केन्द्रीयताको बुझाई केवल पार्टी कार्यमा मात्रै सिमित गरेको पाइदैन्। उहाँले यो बुझाइलाई समाजवादी अर्थतन्त्रको निर्माण गर्न र सर्वहारा राज्य सञ्चालनको प्रश्नसँग चौतर्फि विस्तार गरेको पाइन्छ। माओले महशुस गर्नु भएको थियो कि जनवादी केन्द्रीयता विना, सर्वहाराको अधिनायकत्वलाई एकतावद्ध गर्न सकिने छैन्। जनताका लागि व्यापक जनवादविना, सर्वहाराको अधिनायकत्वका लागि एकत्रित गर्न अथवा राजनीतिक शक्ति स्थिर हुनका लागि असम्भव थियो। जनवाद वीना, जनसमूहको उठान वीना र जनसमूहको सुपर भिजन वीना, प्रतिक्रयावादीहरू र खराब तत्वहरूमथि प्रभावकारी अधिनायकत्व अभ्यास गर्न र तिनीहरूलाई प्रभावकारी रूपले नयाँ रूप दिनका लागि असम्भव हुने थियो।

माओले यी अवलोकनहरू सोभियत संघमा नवसंशोधनवादको उदयपछि निर्माणगर्दै हुनुहुन्थ्यो र देख्नु भएको थियो कि जनसमूहलाई सर्वहारावर्गको अधिनायकत्वको अभ्यास गर्नका लागि परिचालन गरिएको थिएन्। उहाँले चीनीयाँ कम्युनिष्ट पार्टीको उच्च तहहरूमा संशोधनवादी प्रवृतिहरूको उदय भएको पनि देख्नु भयो र मान्यता गर्नु भयो कि यस्ता प्रवृतिहरूबाट एकमात्र सुरक्षा गर्ने भनेको जनसमूह र तल्लो तहका क्याडरहरूको पहल र सतर्कता नै थियो।

यसरी १९६२को जनवरीमा माओले भन्नु भएको थियो, ' जवसम्म हामीले जनताको जनवाद र अन्तर-पार्टी जनवादलाई पूर्णरूपले प्रवर्द्धन गर्दैनौ र जवसम्म हामीले सर्वहारा जनवादको पूर्ण कार्यान्वयन गरिदैन्, चीनका लागि साँचो सर्वहारा जनवाद हुन असम्भव हुनेछ। जनवादको उच्चता विना केन्द्रीयताको उच्चता असम्भव छ र केन्द्रीयताको उच्चता वीना समाजवादी अर्थतन्त्र स्थापना असम्भव छ। र यदि हामी समाजवादी अर्थतन्त्र स्थापना गर्न असफल हुन्छौ भने हाम्रो देशको लागि के हुने छ ? यो एउटा संशोधनवादी राज्यमा परिवर्तन हुने छ, वास्तवमा एउटा नयाँ पुँजीवादी राज्य, र सर्वहाराको अधिनायकत्व पुँजीपतिको अधिनायकत्व र त्यसमा एउटा प्रतिक्रियावादी, फासिष्ट अधिनायकत्वमा परिवर्तन हुने छ। यो एउटा प्रश्न हो, जुन धेरै मात्रामा हाम्रो सचेतता प्रमाणित गर्दछ, म आशा गर्दछु हाम्रा कमरेडहरूले यसलाई एउटा असल सोंचको कार्यक्रम दिने छन्।'

माओको अर्को महत्वपुर्ण पक्ष हो पार्टीभित्र चल्ने दुई-लाइन सङ्घर्ष। दुई-लाइन सङ्घर्ष पार्टी सङ्गठनात्मक सिद्धान्तहरूको सन्दर्भमा, जसलाई माओले मार्क्सवादी बुझाई र सिद्धान्तको विकास गर्नु भयो, त्यसको अर्को पक्ष थियो। माओको पद्धति, जो द्धन्द्धात्मक भौतिकवादमा आधारित छ, समाजमा विद्यमान वर्गहरूको परावर्तनको रूपमा कम्युनिष्ट पार्टीभित्र वेठिक मतहरूलाई हेर्नु थियो। यसरी जुन लामो समयसम्म समाजमा वर्गसङ्घर्ष निरन्तर भइरहन्छ, पार्टीभित्र विचारधारात्मक सङ्घर्षमा यसको परावर्तन अनिवार्य छ। उहाँको यो पद्धति यी अन्तरविरोधहरूतर्फ पनि फरक थिए। उहाँले तिनीहरूलाई सुरूमा प्रतिद्धन्दीता विहिन अन्तरविरोधहरूका रूपमा देख्नु भयो, र भन्नु भयो कि जसबाट 'गम्भीर सङ्घर्ष' हामीले सुधार गर्नु कोशिस गर्नु पर्छ। सुधारका लागि हामीले प्रशस्त अवसर दिनु पर्छ र तवमात्र मानिसले गर्ने गल्तीहरू 'दृढ रहेर' अथवा 'तिनीहरूलाई क्रोधित पारेर ', तव अन्तरविरोधहरूको प्रतिरोध हुने सम्भावना थियो।

यो स्तालिनको बुझाइको एउटा सच्याई थियो,जसलाई स्तालिनले लेनिनवादका आधारहरू(फाउन्डेसन अफ लेनिनिज्म )मा प्रस्तुत गर्नु भएको थियो। स्तालिन अन्तर-पार्टी सङ्घर्ष मार्फत गलत प्रवृतिहरूलाई सुधार गर्ने कुनै पनि प्रयासको विरूद्ध गएको पाइन्छ। स्तालिनले यस्तो प्रयासलाई 'पार्टीभित्र विचारधारात्मक सङ्घर्षद्धारा अवसरवादी तत्वहरूलाई 'परास्त गर्ने'एउटा सिद्धान्तका रूप भनेको पाइन्छ, जो स्तालिनका अनुसार 'एउटा कुहिएको र खतरनाक सिद्धान्त थियो, जसले पार्टीलाई पक्षघात गराउन र दृघकालिक रूपले कमजोर बनाउन मद्त गर्छ।' यस्तो प्रस्तुतिले एउटा सम्भावनालाई स्विकार गर्न इन्कार गऱ्यो र अवसरवादका विरूद्धको सङ्घर्षलाई सुरूदेखि नै प्रतिद्धन्दी विहिन अन्तरविरोधका रूपमा व्यवहार गऱ्यो।

यही ऐतिहासिक अनुभवबाट पाठ सिक्दै, माओले निम्न पद्धतिमा अन्तर पार्टी सङघर्षका तरिकाहरू प्रस्तुत गर्नु भयो, जसलाई उहाँले यसरी सुत्रवद्ध गर्नु भएको छ-'पार्टीका सबै नेतृत्वदायी सदस्यहरूले अन्तरपार्टी जनवादलाई प्रवर्द्धन गर्नै पर्दछ र जनतालाई खुलेर बोल्न दिनु पर्छ। सिमाहरू के हुन् ? पहिलो पार्टी अनुशासन पालना गरिनु पर्छ, अल्पमत बहुमतको मातहतमा र समस्त सदस्य केन्द्रीय समिति प्रति। अर्को सिमा भनेको गोप्य फयाक्सन संगठित गर्न पाइने छैन्। हामिहरूलाई खुला विरोधीहरूको डर छैन् , हामीहरू गोप्य विरोधीहरूको मात्रै डर मान्छौ। यस्ता मानिसहरू तिमीसँग सत्य बोल्दैनन्, तिनीहरूले जे भन्दछन् झुट र फरेव मात्रै भन्दछन्। तिनीहरू उनीहरूको वास्तविक मनोभाव प्रस्तुत गर्दैनन्। जहाँसम्म एउटा मानिसले नियम उलङघन गर्दैन् र गोप्य फयाक्सनल कृयाकलापमा संलग्न हुदैन् , हामीले उसलाई बोल्न छुट दिनु पर्छ र यदि उसले गलत चीज भनेता पनि उसलाई दण्ड दिइनु हुदैन्। यदि मानिसले गलत चीज भन्दछ, उनीहरूलाई आलोचना गर्न सकिन्छ, तर उनीहरूलाई हामीले कारण सहित सम्झाउनु पर्छ। यदि उनीहरू अझै पनि सम्झदैनन् भने के गर्ने ?

जवसम्म तिनीहरू प्रस्तावहरूद्धारा वाँधिएका हुन्छन् र बहुमतले लिएका निर्णयहरूमा अल्पमतले आफ्नो मतलाई कायमै राख्दै कार्यान्वयनमा दिलो ज्यानले लाग्दछन्, तिनीहरू पार्टीभित्रकै क्रान्तिकारी कमरेडहरू हुन्। माओको यो बुझाई आफैमा यति स्पष्ट थियो कि जवसम्म समाजमा वर्ग सङ्घर्षको अस्तित्व रहिरहन्छ, त्यसवेलासम्म पार्टीमा त्यसको प्रतिविम्व माओको शब्दमा वर्ग सङ्घर्ष नै चलिरहन्छ जसलाई उहाँले पार्टीभित्र चल्ने दुई लाइन सङ्घर्ष भन्नु *बाँकी ७ पेजमा*

# विशेष उत्सवका रुपमा माओदिवस मनाउन र माओले देखाएको बाटोमा निरन्तर अगाडि बढिरहन महासचिव किरणको अनुरोध




काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले १२९ औं माओदिवसमा एक महत्वपुर्ण प्रेस वक्तव्य जारी गरी पार्टी पंक्तिलाई विशेष उत्सवका रूपमा माओदिवस मनाउन र माओले देखाएको बाटोमा निरन्तर अगाडि बढिरहन हार्दिक अनुरोध गर्नु भएको छ।

वक्तव्यमा आज विश्वभरि दक्षिणपन्थी संशोधनवादीहरू प्रतिक्रियावादमा पतन भएर साम्राज्यवादी नवउदारवादका पक्षपोषक बन्न गएका र उनीहरूले कम्युनिस्टको नाममा जनताका बीचमा भ्रम छरिरहेका उल्लेख गर्दै भनिएको छ, 'क्रान्तिको विकासका लागि यतिबेला संशोधनवादको निर्मम भण्डाफोर र क्रान्तिकारीहरूका बीचको सिद्धान्तनिष्ठ ध्रुवीकरण तथा एकता अनिवार्य आवश्यकता बन्न गएको छ। यो स्थितिमा संशोधनवादको भण्डाफोर गर्दै र क्रान्तिकारीहरू एकताबद्ध हुँदै दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद तथा विस्तावादका विरुद्ध नयाँ जनवादी क्रान्तिको दिशामा दृढताकासाथ अगाडि बढ्नुमा नै माओदिवस मनाउनुको विशेष ऐतिहासिक अर्थ र महत्व रहन्छ।'

वक्तव्यमा देशको स्थितिबारे भनिएको छ, 'देशमा राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्या दिन प्रतिदिन विकराल बन्दै गइरहेका छन्। भारतीय विस्तारवादसित पटक-पटक गरिएका असमान सन्धि संझौताहरूप्रति मौन समर्थन जनाएर र लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्ता लगायतका भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमि फिर्ता गराउने कामलाई थाँति राखेर नेपाली काङ्ग्रेसको नेतृत्वमा गठित गठबन्धन सरकारले अमेरिकी सैन्य रणनीतिको अंश रहेको एमसीसीलाई सदनबाट पारित गराउन घुँडा धसिरहेको छ। महान् जनयुद्ध, ०६२/०६३को जनआन्दोलन लगायत नेपाली जनताले चलाउँदै आएका विभिन्न सङ्घर्षहरूबाट प्राप्त सिमित जनवादी अधिकारहरू खोसिँदै गएका छन्। महङ्गी, बेरोजगारी व्याप्त छ र व्यापार घाटाले अर्थतन्त्र सङ्कटग्रस्त बन्दै गइरहेको छ। यो विग्रँदो स्थितिका लागि आफूलाई लोकतन्त्रवादी भन्ने नेपाली काङ्ग्रेस लगायतका प्रतिक्रियावादी

पार्टीहरू र प्रतिक्रियावादमा पतन भइसकेका कम्युनिस्ट नामका संशोधनवादी पार्टीहरू जिम्मेवार छन्।

वस्तुतः संसदीय पार्टीहरूका बीचमा नाममा बाहेक आर्थिक तथा राजनीतिक कार्यक्रम र तिनको अन्तर्वस्तुमा कुनै फरक छैन। उनीहरूका बीचको प्रतिस्पर्धा सत्ता स्वार्थका लागि साम्राज्यवाद र विस्तारवादको चाकडी गर्नुमा सिमित हुन पुगेको छ।'

वक्तव्यमा भनिएको छ, ' आज डिसेम्बर २६, २०२१, तदनुसार २०७८ पुष ११ गते विश्व सर्वहारावर्गका नेता तथा आम उत्पीडित जनताको मुक्तिका कमाण्डर कमरेड माओत्सेतुङको १२९औं जन्मदिवस हो। आज विश्वभरि सच्चा क्रान्तिकारी

कम्युनिस्ट पार्टीहरू, विश्व सर्वहारावर्ग तथा उत्पीडित जनसमुदायका विभिन्न परिवर्तनकामी सङ्गठनहरूले उत्साहका साथ माओदिवस मनाइरहेका छन्। माओदिवसको यस ऐतिहासिक सन्दर्भमा हाम्रो पार्टी नेपाली सर्वहारावर्ग, उत्पीडित जनसमुदाय एवम् सम्पूर्ण समर्थक, शुभचिन्तक जनता लगायत विश्वभरिका श्रमजीवी वर्गप्रति लालसलाम अर्पण गर्दछ।

कमरेड माओले चिनीया प्रतिक्रियावादी शासकवर्ग र विश्व साम्राज्यवादका विरुद्धको निर्मम वर्गसङ्घर्ष तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संशोधनवादीहरूका विरुद्धको भीषण दुईलाइन सङ्घर्षका बीचबाट चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी सफलतापूर्वक वैज्ञानिक समाजवादको अभ्यास गर्नु भयो। यो समग्र प्रक्रियामा माओले मार्क्सवादका तीनवटै सङ्घटक अङ्गहरू दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको विकासमा सार्वभौम महत्वको योगदान गर्नु भयो। विश्वको तत्कालीन परिस्थिति र चीनको विशिष्ट सन्दर्भमा

मार्क्सवाद-लेनिनवादलाईसिर्जनात्मक ढङ्गले प्रयोग गर्ने क्रममा विश्व सर्वहारा वर्गको अखण्ड क्रान्तिकारी सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादमाविकास भएको छ। आज, कुनै पनि कम्युनिस्ट पार्टी मार्क्सवादी-लेनिनवादी-माओवादी नबनी सच्चा मार्क्सवादी बन्न सक्दैन।

यस्तो छ वक्तव्यको पुर्णपाठ :

'आज डिसेम्बर २६, २०२१, तदनुसार २०७८ पुष ११ गते विश्व सर्वहारावर्गका नेता तथा आम उत्पीडित जनताको मुक्तिका कमाण्डर कमरेड माओत्सेतुङको १२९औं जन्मदिवस हो। आज विश्वभरि सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू, विश्व सर्वहारावर्ग तथा उत्पीडित जनसमुदायका विभिन्न परिवर्तनकामी सङ्गठनहरूले उत्साहका साथ माओदिवस मनाइरहेका छन्। माओदिवसको यस ऐतिहासिक सन्दर्भमा हाम्रो पार्टी नेपाली सर्वहारावर्ग उत्पीडित जनसमुदाय एवम् सम्पूर्ण समर्थक, शुभचिन्तक जनता लगायत विश्वभरिका श्रमजीवी वर्गप्रति लालसलाम अर्पण गर्दछ।

कमरेड माओले चिनीया प्रतिक्रियावादी शासकवर्ग र विश्व साम्राज्यवादका विरुद्धको निर्मम वर्गसङ्घर्ष तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संशोधनवादीहरूका विरुद्धको भीषण दुईलाइन सङ्घर्षका बीचबाट चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी सफलतापूर्वक वैज्ञानिक समाजवादको अभ्यास गर्नु भयो। यो समग्र प्रक्रियामा माओले मार्क्सवादका तीनवटै सङ्घटक अङ्गहरू दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको विकासमा सार्वभौम महत्वको योगदान गर्नु भयो। विश्वको तत्कालीन परिस्थिति र चीनको विशिष्ट सन्दर्भमा

मार्क्सवाद-लेनिनवादलाईसिर्जनात्मक ढङ्गले प्रयोग गर्ने क्रममा विश्व सर्वहारा वर्गको अखण्ड क्रान्तिकारी सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादमाविकास भएको छ। आज, कुनै पनि कम्युनिस्ट पार्टी मार्क्सवादी-लेनिनवादी-माओवादी नबनी सच्चा मार्क्सवादी बन्न सक्दैन।

देशमा राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्या दिन प्रतिदिन विकराल बन्दै गइरहेका छन्। भारतीय

विस्तारवादसित पटक-पटक गरिएका असमान सन्धि संझौताहरूप्रति मौन समर्थन जनाएर र लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्ता लगायतका भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमि फिर्ता गराउने कामलाई थाँति

राखेर नेपाली काङ्ग्रेसको नेतृत्वमा गठित गठबन्धन सरकारले अमेरिकी सैन्य रणनीतिको अंश रहेको एमसीसीलाई सदनबाट पारित गराउन घुँडा धसिरहेको छ। महान् जनयुद्ध, ०६२/०६३को जनआन्दोलन लगायत नेपाली जनताले चलाउँदै आएका विभिन्न सङ्घर्षहरूबाट प्राप्त सिमित जनवादी अधिकारहरू खोसिँदै गएका छन्। महङ्गी, बेरोजगारी व्याप्त छ र व्यापार घाटाले अर्थतन्त्र सङ्कटग्रस्त बन्दै गइरहेको छ। यो विग्रँदो स्थितिका लागि आफूलाई लोकतन्त्रवादी भन्ने नेपाली काङ्ग्रेस लगायतका प्रतिक्रियावादी पार्टीहरू र प्रतिक्रियावादमा पतन भइसकेका कम्युनिस्ट नामका संशोधनवादी पार्टीहरू जिम्मेवार छन्।

वस्तुतः संसदीय पार्टीहरूका बीचमा नाममा बाहेक आर्थिक तथा राजनीतिक कार्यक्रम र तिनको अन्तर्वस्तुमा कुनै फरक छैन। उनीहरूका बीचको प्रतिस्पर्धा सत्ता स्वार्थका लागि साम्राज्यवाद र विस्तारवादको चाकडी गर्नुमा सिमित हुन पुगेको छ।

आज विश्वभरि दक्षिणपन्थी संशोधनवादीहरू प्रतिक्रियावादमा पतन भएर साम्राज्यवादी नवउदारवादका पक्षपोषक बन्न गएका छन् र उनीहरूले कम्युनिस्टको नाममा जनताका बीचमा भ्रम छरिरहेका छन्। क्रान्तिको विकासका लागि यतिबेला संशोधनवादको निर्मम भण्डाफोर र क्रान्तिकारीहरूका बीचको सिद्धान्तनिष्ठ ध्रुवीकरण तथा एकता अनिवार्य आवश्यकता बन्न गएको छ। यो स्थितिमा संशोधनवादको भण्डाफोर गर्दै र क्रान्तिकारीहरू एकताबद्ध हुँदै दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद तथा विस्तावादका विरुद्ध नयाँ जनवादी क्रान्तिको दिशामा दृढताकासाथ अगाडि बढ्नुमा नै माओदिवस मनाउनुको विशेष ऐतिहासिक अर्थ र महत्व रहन्छ। अतः म केन्द्रीय समितिको तर्फबाट सबै पार्टी कमरेडहरूसित विशेष उत्सवका रूपमा माओदिवस मनाउन र माओले देखाएको बाटोमा निरन्तर अगाडि बढिरहन हार्दिक अनुरोध गर्दछु।'

संसारका मजदुरहरु एक हौ !

मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party Of Nepal(Revolutionary Maoist)

केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No. :-
चलानी नं./Regd.No. :-

## प्रेसवक्तव्य

आज डिसेम्बर २६, २०२१, तदनुसार २०७८ पुष ११ गते विश्व सर्वहारावर्गका नेता तथा आम उत्पीडित जनताको मुक्तिका कमाण्डर कमरेड माओत्सेतुङको १२९औं जन्मदिवस हो। आज विश्वभरि सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरु, विश्व सर्वहारावर्ग तथा उत्पीडित जनसमुदायका विभिन्न परिवर्तनकामी सङ्गठनहरुले उत्साहका साथ माओदिवस मनाइरहेका छन्। माओदिवसको यस ऐतिहासिक सन्दर्भमा हाम्रो पार्टी नेपाली सर्वहारावर्ग, उत्पीडित जनसमुदाय एवम् सम्पूर्ण समर्थक, शुभचिन्तक जनता लगायत विश्वभरिका श्रमजीवी वर्गप्रति लालसलाम अर्पण गर्दछ।

कमरेड माओले चिनीया प्रतिक्रियावादी शासकवर्ग र विश्व साम्राज्यवादका विरुद्धको निर्मम वर्गसङ्घर्ष तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संशोधनवादीहरुका विरुद्धको भीषण दुईलाइन सङ्घर्षका बीचबाट चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी सफलतापूर्वक वैज्ञानिक समाजवादको अभ्यास गर्नु भयो। यो समग्र प्रक्रियामा माओले मार्क्सवादका तीनवटै सङ्घटक अङ्गहरु दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको विकासमा सार्वभौम महत्वको योगदान गर्नु भयो। विश्वको तत्कालीन परिस्थिति र चीनको विशिष्ट सन्दर्भमा मार्क्सवाद-लेनिनवादलाई सिर्जनात्मक ढङ्गले प्रयोग गर्ने क्रममा विश्व सर्वहारा वर्गको अखण्ड क्रान्तिकारी सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादमा विकास भएको छ। आज, कुनै पनि कम्युनिस्ट पार्टी मार्क्सवादी-लेनिनवादी-माओवादी नबनी सच्चा मार्क्सवादी बन्न सक्दैन।

देशमा राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्या दिन प्रतिदिन विकराल बन्दै गइरहेका छन्। भारतीय विस्तारवादसित पटक-पटक गरिएका असमान सन्धि संझौताहरुप्रति मौन समर्थन जनाएर र लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्ता लगायतका भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमि फिर्ता गराउने कामलाई थाँति राखेर नेपाली काङ्ग्रेसको नेतृत्वमा गठित गठबन्धन सरकारले अमेरिकी सैन्य रणनीतिको अंश रहेको एमसीसीलाई सदनबाट पारित गराउन घुँडा धसिरहेको छ। महान् जनयुद्ध, ०६२/०६३को जनआन्दोलन लगायत नेपाली जनताले चलाउँदै आएका विभिन्न सङ्घर्षहरुबाट प्राप्त सिमित जनवादी अधिकारहरु खोसिँदै गएका छन्। महङ्गी, बेरोजगारी व्याप्त छ र व्यापार घाटाले अर्थतन्त्र सङ्कटग्रस्त बन्दै गइरहेको छ। यो विग्रँदो स्थितिका लागि आफूलाई लोकतन्त्रवादी भन्ने नेपाली काङ्ग्रेस लगायतका प्रतिक्रियावादी पार्टीहरु र प्रतिक्रियावादमा पतन भइसकेका कम्युनिस्ट नामका संशोधनवादी पार्टीहरु जिम्मेवार छन्। वस्तुत: संसदीय पार्टीहरुका बीचमा नाममा बाहेक आर्थिक तथा राजनीतिक कार्यक्रम र तिनको अन्तर्वस्तुमा कुनै फरक छैन। उनीहरुका बीचको प्रतिस्पर्धा सत्ता स्वार्थका लागि साम्राज्यवाद र विस्तारवादको चाकडी गर्नुमा सिमित हुन पुगेको छ।

आज विश्वभरि दक्षिणपन्थी संशोधनवादीहरु प्रतिक्रियावादमा पतन भएर साम्राज्यवादी नवउदारवादका पक्षपोषक बन्न गएका छन् र उनीहरुले कम्युनिस्टको नाममा जनताका बीचमा भ्रम छरिरहेका छन्। क्रान्तिको विकासका लागि यतिबेला संशोधनवादको निर्मम भण्डाफोर र क्रान्तिकारीहरुका बीचको सिद्धान्तनिष्ठ ध्रुवीकरण तथा एकता अनिवार्य आवश्यकता बन्न गएको छ। यो स्थितिमा संशोधनवादको भण्डाफोर गर्दै र क्रान्तिकारीहरु एकताबद्ध हुँदै दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद तथा विस्तावादका विरुद्ध नयाँ जनवादी क्रान्तिको दिशामा दृढताकासाथ अगाडि बढ्नुमा नै माओदिवस मनाउनुको विशेष ऐतिहासिक अर्थ र महत्व रहन्छ। अत: म केन्द्रीय समितिको तर्फबाट सबै पार्टी कमरेडहरुसित विशेष उत्सवका रुपमा माओदिवस मनाउन र माओले देखाएको बाटोमा निरन्तर अगाडि बढिरहन हार्दिक अनुरोध गर्दछु।

मिति २०७८ पौष ११

मोहन वैद्य (किरण)
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# कपिलवस्तुमा विद्यार्थी, मजदुर र ब्यापार संगठनको समिति विस्तार



❑ **अमृता थारू**

कपिलवस्तु : कपिलवस्तुको बाणगङ्गा - ६ कोइली बनगाइमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ अन्तरगत मजदुर संगठन र रास्ट्रिय उद्योग तथा ब्यापार महासघको संगठन बिस्तार गरिएको छ। ट्रेड युनियनमा कवाड संकलन केन्द्रका मजदुर बिष्णु प्रसाद चौहानको अध्यक्षमा ९ सदस्यीय इकाई समिति गठन भएको छ। समितिको सचिबमा रिजवान कुजडा र सदस्यहरूमा साजनलाल यादव ; अख्तर कुजडा; राइनी कुजडा ; रामशन्कर यादव ; मनिराम चौहान ; धर्मेन्द्र गुप्ता र बर्साती तेलि रहनुभएको छ। त्यस्तै व्यापार संगठन अन्तरगत औंठी व्यापार संगठन सकिउल्लाह अन्सारीको संयोजकत्वमा ५ सदस्यीय इकाई कमिटी गठन गरिएको छ। समितिको सदस्यमा मुस्लिम मिया अन्सारी ; नैनुल्लाह मिया ; करमुल्लाह मिया र रफिक मिया रहनुभएको छ। भेलामा नेकपा क्रान्तिकारी माओवादी पोलिट्ब्युरो सदस्य एवं लुम्बिनी प्रदेश सेक्रेटरी भुपेन्द्र न्यौपाने र अर्का पोलिट्ब्युरो सदस्य तथा कपिलवस्तु इन्चार्ज धनेश्वर पोखेलले प्रशिक्षण दिनु भएको थियो।त्यस्तै बाणगङ्गा बहुमुखी क्याम्पसमा नेकपा ( क्रान्तिकारी माओवादी ) निकट अखिल (क्रान्तिकारी )ले पुजा परियारको अध्यक्षतामा १३ सदस्यीय क्याम्पस इकाई समिती गठन गरेको छ।समितिको उपाध्यक्षमा शर्मिला बेल्वासे सचिवमा सुमित्रा बेल्वासे सहसचिव सुमित्रा आचार्य कोसाध्यक्षमा अस्मिता सुनार सदस्यमा सुनिता बेल्वासे ; बिमला अधिकारी ; संगीता बन्जाडे ; कौसिल्या गैरे ; रमा भट्टराई ; उषा अधिकारि र कबिता पोखेल रहनु भएको छ।कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादीका पोलिट्ब्युरो सदस्य एवं लुम्बिनी प्रदेश सेक्रेटरी भुपेन्द्र न्यौपाने र अर्का पोलिट्ब्युरो सदस्य धनेस्वर पोखरेल ले प्रशिक्षण दिनुभएको कार्यक्रममा अखिल क्रान्तिकारीका लुम्बिनी प्रदेश सदस्य मनोज थापाले सहजीकरण गर्नु भएको थियो।

## कपिलवस्तुस्थित सिद्धार्थ क्याम्पसमा अखिल (क्रान्तिकारी)को संगठन बिस्तार

जितपुर। अखिल क्रान्तिकारीले सङ्गठ्न बिस्तार तिब्र बनाएको छ। सिद्धार्थ बहुमुखी क्याम्पस बाणगङ्गामा राम कृष्ण थारु अध्यक्ष; उपाध्यक्ष अमृता थारु , सचिव- बन्दना भैइया सहसचिव- प्रेम कुमार थारु कोषाध्यक्ष :- निकिता के.सी सदस्यहरूमा सरिता यादव निशा थारु रहेको इकाइ गठन गरेको हो। उक्त कार्यक्रममा अखिल (क्रान्तिकारी) का प्रदेश सदस्य मनोज थापा, लगायतका नेताहरूको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा अखिल (क्रान्तिकारी) प्रदेश सदस्य थापा ले अतिक्रमित नेपाली भुमि फिर्ता, एमसीसी खारेजी, शिक्षा-स्वास्थ्य क्षेत्रका विकृति विसंगती, महंगी, भ्रष्टाचार लगायतका विषयलाई लिएर संगठन निरन्तर संघर्षको मैदानमा रहेको चर्चा गर्दै आम सचेत युवा विध्यार्थीहरू अब चुप लागेर बस्न नहुने बताउनु भयो। प्रदेश सदस्य थापाले विद्यालय, क्याम्पसमा हुने भ्रष्टाचार, अनियमितता, ढिला सुस्ती लगाउत तमाम बेथितिका विरुद्द संघर्ष गर्ने बताउनु भएको छ।

उहाँले संगठन र संघर्षलाई जिल्लाका सबै स्कुल क्याम्पसहरूमा एक साथ अभियानको रूपमा ससञ्चालन गरिने पनि बताउनु भयो।

## ओली–प्रचण्ड...

गुर्नभएको विकासका विषयमा संश्लेषित रूपमा चर्चा गर्नुभयो।

एमाले र माओवादी केन्द्रप्रति लक्षित गर्दै महासचिव किरणले दक्षिणपन्थी अवसरवादी तथा नवसंशोधनवादीहरूले मार्क्स, लेनिन र माओकै नाम बेचेर इमान्दार कम्युनिस्ट नेता कार्यकर्ता र कम्युनिस्ट जनमतलाई भ्रमित चुल्याइरहेको र कम्युनिस्ट सिद्धान्त र पार्टीलाई बद्नाम तुल्याएको बताउनु भयो।

अहिलेको संविधान र कथित लोकतान्त्रिक गणतन्त्र दलाल तथा नोकरशाही पुँजीपति वर्ग र सामन्तवर्गको हातमा रहेको भन्दै यो संविधान र व्यवस्थाको रक्षा गर्नुपर्छ भन्नेहरू प्रतिगामी, प्रतिक्रियावादी भएको प्रष्ट पार्नुभयो।

पूर्वराजादेखि ओली, देउवा, प्रचण्ड सबैको वर्ग र वर्गचरित्र एउटै भएको भन्दै महासचिव किरणले भन्नुभयो, 'ओली र प्रचण्डहरू दक्षिणपन्थी अवसरवादी मात्र होइनन्, प्रतिक्रियावादका दलाल हुन्, नवप्रतिक्रियावादी हुन्। पुरानो संसदीय व्यवस्थालाई रक्षा गर्ने, दलाल तथा नोकरशाही पुँजीपति दलाल र सामन्तहरूको सत्तालाई रक्षा गर्ने, तिनीहरूको राज्य तथा फौजी मेसिनरीको रक्षा गर्ने, अनि मार्क्सवाद, लेनिनवाद, माओवाद भनेर जनतालाई भ्रमित तुल्याउने रु असली अर्थमा भन्ने हो भने ओली र प्रचण्डहरू नवप्रतिक्रियावादी हुन्। '

उहाँले अगाडि भन्नुभयो, 'पुराना राजावादी, कांग्रेस, र नवप्रतिक्रियावादीहरूले मान्ने व्यवस्था र संविधान एउटै छ। फरक के भयो ? दलाल पुँजीपति वर्ग, नोकरशाही पुँजीपति वर्ग र सामन्तवर्गको दलाल राजा पनि हो। नेपाली कांग्रेस पनि हो, यी आफूलाई महाकम्युनिस्ट बताउने दक्षिणपन्थी अवसरवादी पनि हुन्। यिनीहरू सबैको एउटै वर्ग हो। यो संविधानको रक्षा गर्नु भनेको प्रतिक्रियावादका सामुन्ने घुँडा टेक्नु हो।'

उहाँले सबैले समाजवादमा जाने भनेको प्रसंग उल्लेख गर्दै भन्नुभयो, 'कस्तो समाजवाद ? समाजवाद त प्रतिक्रियावादी पनि हुन्छ। समाजवाद यस्तो हुन्छ भनेर कुरै गरेका छैनन्। हामीले भनेको त सर्वहरावर्गको अधिनायकत्व हो। सर्वहरावर्गको अधिनायकत्व नमान्नेहरू कम्युनिस्ट हुन सक्दैनन्।'

विप्लवको राजनीतिबारे टिप्पणी गर्दै महासचिव किरणले भन्नुभयो, 'प्रचण्ड प्रतिक्रियावादी सत्ता समातेर गइसके, विप्लवहरू पनि त्यतैतिर जाँदैछन्। विप्लवका अधिकांश मान्छे प्रचण्डतिरै गइरहेका छन्। आखिरमा विप्लवले पनि सिद्धान्ततः पार्टीलाई त्यही दिशातिर लगिसके। शान्तिपूर्ण संक्रमण भनेको के हो ? सबै समस्याहरू शान्तिपूर्ण तरिकाले हल गर्ने भनिरहेका छन्। यो भनेको प्रचण्डकै लाइन हो।'

पार्टी पीवीएम इन्द्रमोहन सिंग्देलले १२९ औं माओ दिवसको सन्दर्भमा पार्टीले जारी गरेको प्रेस वक्तव्य वाचन गरेर सुनाएको कार्यक्रमलाई पार्टी प्रवक्ता हरिभक्त कँडेल, प्रा.डा. जगदिशचन्द्र भण्डारी, महिला नेतृ शारदा महत लगायतले विश्वसर्वहारावर्गको क्रान्तिमा माओले पुऱ्याएको योगदानको विषयमा चर्चा गुर्नभएको थियो। पार्टी पीवीएम पवनमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन अर्का पीवीएम सुरेश श्रेष्ठले गर्नुभएको थियो। कार्यक्रमको सुरुमै कमरेड माओको फोटोमा पार्टी महासचिव किरण लगायत सबै उपस्थित नेता कार्यकर्ताहरूले माल्र्यापण गर्दै मुठ्ठि उठाएर श्रद्धाञ्जली गरिएको थियो।

## क्रान्तिकारी...

कोहलपुरस्थित मदनचोकमा आइतबार सम्पन्न भएको छ। जनपक्षीय पत्रकारहरूको साझा सङ्गठन महासङघले संगठन बिस्तार तथा सुदृढ अभियान अन्तरगत भेला भएको हो।

भेलाले सलमन केसी को अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ। समितिको उपाध्यक्ष प्रज्वल नेपाली सचिव रितु बिस्ट; सहसचिव लक्ष्मी बुढा र कोषाध्यक्षमा भावना बुढा निर्वाचित हुनुभएको छ। त्यस्तै समितिको ७ सदस्यीय सचिवालयमा ५ जना पदाधिकारी सहित सरिता थारु र सुरज रेगामी रहेको जिल्ला सचिवालय समेत गठन गरेको छ।

महासंघको जिल्ला सदस्यहरूमा टपेन्द्र न्यौपाने; बिजय गुरुङ ; बुद्धि राम पोखरेल ; परिमल बिक; जीवन मेदासी मगर; दिपेश राना; सिर्जना पान्डे; बिनिसा पाठक; बिनिता थापा; नरेन्द्र जैसी ; बिनोद पुन ; सुमन राउत पवन सिह ठकुरी रहनुभएको छ।

कार्यक्रममा क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय महासचिव रवि पान्डेयले पत्रकारहरू प्रचारकर्ता संगठनकर्ता र आन्दोलनकर्ता रहेको बताउदै पत्रकारहरूले राज्य ब्यवस्था परिवर्तनको पक्ष लेख्नुपर्नेमा जोड दिनुभयो। उहाले जनपक्षीय पत्रकारको अब्बल संगठन क्रान्तिकारी महासङ्घ रहेको दाबी गर्दै श्रमजिबीहरूको सच्चा पहरेदारको रूपमा अगाडि बढेको बताउनु भयो।

"पत्रकारहरू वाचडग हुनुपर्छ"- महासचिव पान्डेयले भन्नुभयो - "संसदीय ब्यवस्थाका ल्यापडग भएका छन। ती सबै बिसङ्गति बिरुद्ध कलम तिखार्नुपर्छ।" उहाँले क्रान्तिकारी पत्रकार महासङ्घ कलमजिबीहरूको लालसेना रहेको उल्लेख गर्नुभयो। उहाँले आम पत्रकार हुनु र क्रान्तिकारी जनपक्षीय पत्रकार हुनुमा फरक रहेको बताउदै क्रान्तिकारी पत्रकार हुनुमा गर्व गर्नुपर्ने बताउनु भयो। "कतिपयले आफुलाई क्रान्तिकारी पत्रकार हौ भन्ने भ्रम दिइराखेका छन "- उहाँले भन्नुभयो- " हिजो आज ती भ्रमहरू अलि साफ हुँदै पनि गएका छन। अझै भ्रम तोडिन्छ। तोड्नुपर्छ"। कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) पोलिट्ब्युरो सदस्य एवं प्रदेश सेक्रेटरी भुपेन्द्र न्यौपानेले रास्ट्रियता जनतन्त्र र जन जिबिकाको पक्षमा कलम चलाउनु पर्नेमा जोड दिनुभयो। उहाँले दलाल ब्यवस्था र त्यसका मतियारहरूको विरुद्ध कलमको अस्त्र चलाउन आग्रह गर्नुभयो। क्रान्तिकारी माओवादी केन्द्रीय सदस्य तथा बाके बर्दिया इन्चार्ज तेज बिक्रम शाही क्रान्तिकारी पत्रकारको अभिभावकको रूपमा क्रान्तिकारी माओवादी रहेको बताउनुभयो। भेलामा दे.ज.मो.मा केन्द्रीय सदस्य लक्ष्मी चौलागाईंले लगायत शुभकामना मन्तव्य ब्यक्त गर्नुभएको थियो। सलमन केसिको अध्यक्षता कबिराज यात्रीको संचालन रहेको कार्यक्रममा किसान महासङ्घका प्रदेश अध्यक्ष प्रेम थापालगायतको आतिथ्यता थियो।

## राज्यको...

र बलात्कारका घटनाहरू दिन प्रती दिन बढिरहेका छन्। सरकारद्वारा शृङ्खलाबद्ध भइरहेका राष्ट्रघात-देशघात र जनघातका घटनाहरूको हाम्रो संगठन घोर भत्सर्ना गर्दछ।'

एमसीसी सम्झौता खारेजीको माग गर्दै वक्तव्यमा भनिएको छ, 'हिंद प्रशान्त सैन्य रणनीति अन्तर्गतको अमेरिकी लगानी परियोजना एमसिसी नेपालको राष्ट्रहित विरुद्ध भएका कारण हाम्रो संगठन यसका विरुद्ध निरन्तर संघर्षरत छ। एमसिसी परियोजनामाथि संसदमा कुनै प्रकारको छलफल हैन यसको खारेजीको माग गर्दछौं।'

वक्तव्यमा निर्मला कुर्मी र नकुन्नी धोबी हत्या प्रकरणका विरुद्ध जारी आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्दै भनिएको छ, 'घाम झैं छर्लङ्ग आपराधिक घटनाका अपराधीहरूलाई सरकारको राजनैनिक संरक्षण प्राप्त हुनु र पीडित पक्षले न्यायका लागि महिनौं देखि राजधानीको चिसो सडकमा जीवनको पर्वाह नगरी आन्दोलित रहँदा समेत सरकार मुकदर्शक हुनुले सत्ताको आपराधिक चरित्रलाई उजागर गरेको छ। हामी दोषीमाथि कडा कानुनी कार्वाही र पीडित पक्षलाई न्यायका लागि जोडदार माग गर्दछौं।'

त्यसैगरी वक्तव्यमा हुम्ला जिल्लामा अन्तरजातिय विवाहका कारण बन्धक बनाइएका चन्द्र कामी व्यापक जनदवाब र विरोधका कारण मुक्त भएता पनि अपराधमा संलग्नहरूको खोजी नहुनुले प्रशासन अझै पनि उच्च जातिय अहंकारबाट ग्रसित रहेको प्रष्ट भएको उल्लेख गर्दै भनिएको छ, 'जातीय आधारमा हुने कुनै पनि भेदभावको हाम्रो संगठन विरोध गर्दछ। उक्त घटनामा संलग्नहरूमाथी कार्वाहीको माग गर्दछौं।'

वक्तव्यको अन्तमा भनिएको छ, 'देशव्यापी रूपमा शृङ्खलाबद्ध बढिरहेका अपराधिक घटनाहरू र त्यसमा सत्तासिन दलहरूकै राजनैतिक संरक्षणका विरुद्ध संघर्ष नै आजको मुख्य आवश्यकता हो। हाम्रो संगठन आम न्यायप्रेमी जनसमुदायमा संसदीय व्यवस्था र यसका विकृति बेथिति विरुद्ध आन्दोलनमा सहभागी हुन हार्दिक अपिल गर्दछ।'

## संसद...

लाठिचार्ज, सैयौं जना घाइते, जसमा २६ जना गम्भिर घाइते, ७५ जनाको गिरफ्तारी आदिले एमसीसी सम्झौता विरुद्धको यो संघर्ष आफैमा एउटा सशक्त प्रतिरोध थियो।

प्रहरीको लाठिचार्जबाट नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य गणेश खड्गी गगन, अखिल (क्रान्तिकारी)का सचिव महेश श्रेष्ठ, घनश्याम बोगटी, मंगल तामाङ लगायत दर्जनौको टाउको फुट्यो। गणेश खड्गीको त टाउकोमा ७ वटा टाँका लगाइएको छ भने घनश्याम बोगटीको टाउकोमा रगत जमेको भन्दै चिकित्सकले सघन उपचार गर्नुपर्ने सुझाब दिएको छ। २६ जनाको टाउकोमा नै गम्भिर चोट लागेको र उहाँहरूको उपचार भइरहेको देशभक्त जनगणतान्त्रिक मार्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले जानकारी दिनुभएको भएको छ। उहाँका अनुसार प्रहरीसँगको झडप र प्रहरीको लाठि खाएर सामन्य रूपमा घाइते हुनेको संख्या त सयभन्दा बढी छ।

प्रहरीको लाठि चार्जबाट नेकपा (विप्लव)का प्रवक्ता प्रकाण्ड, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक आहुति, नेकपा (क्रान्तिकारी माओवादी)का नेता दिनेश शर्मालगायतका नेताहरू समेत घाइते हुनुभयो। उहाँहरू लगायत अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारी, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका महासचिव बसन्त बोगटी, नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य प्रेम दर्नाल, नेपाल कम्युनिस्ट पार्टीका कार्यालय सचिव चिरञ्जीवी ढकाल, अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष प्रकाश शाहीलगायतका नेता, कार्यकर्ता घाइते हुनु भयो।

नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापा, क्रान्तिकारी माओवादीका पीवीएम दिनेश शर्मा, प्रा.डा. जगदीश चन्द्र भण्डारी, अनेमसंघ (क्रान्तिकारी)की महासचिव शारदा महत, क्रान्तिकारी युवा लिग नेपालका अध्यक्ष अमिर महर्जन, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, नेकपा (विप्लव)का नेता ओम पुन, दलित नेता टेक ब. बिक, शेखर आर्चाय, भारत लामिछाने, शोभा बि.क., समिर थापा, प्रदिम बोम्जन, गणेश घिमिरे, सुरेश तामाङ्ग, श्याम केसी, निरन तुलाधार, हिक्मत परियार, दिनेश नेपाली, प्रेम तामाङ्ग लगायत ७५ जनालाई बानेश्वर प्रहरीवृत तिनकुनेमा थुनियो। साँझ नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम पवनमान श्रेष्ठको रोहबरमा सबैलाई छाडियो।

***दमन र गिरफ्तारीको विरोधमा महासचिव किरणको वक्तव्य***

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले एक वक्तव्य जारी गरी संसद भवन घेराउ कार्यक्रमको क्रममा प्रहरी प्रशासनले गरेको निर्मम दमन र गिफ्तारीको घोर भर्त्सना गर्नुभयो। प्रहरीले अन्धाधुन्ध लाठिचार्ज गर्दा घाइते हुन पुग्नु भएका नेता कार्यकर्ताहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै गिरफ्तार नेता कार्यकर्ताहरूलाई अविलम्ब रिहाइ गर्न जोडदार माग गर्नुभयो।

वक्तव्यमा भनियो, 'सरकारको यो बहुलठ्ठीपूर्ण कार्वाहीले नेपालका दलाल शासकहरूको अमेरिकी साम्राज्यवादप्रतिको भक्तिभावलाई प्रष्ट पार्नुका साथै नेपाली शासक वर्ग अमेरिकी साम्राज्यवाद तथा एमसीसी परियोजनाका विरुद्ध बढिरहेको नेपाली जनताको समर्थनबाट कति धेरै आतङ्कित रहेछ भन्ने कुरालाई पुष्टी गर्दछ।'

वक्तव्यमा अगाडि भनियो, 'हाम्रो पार्टी राष्ट्रघाती एमसीसी संझौताका विरुद्ध आन्दोलनमा उत्रिएका देशभक्त नेपाली जनतामाथि गरिएको सरकारी दमन र गिरफ्तारीको घोर निन्दा तथा भर्त्सना गर्दछ र घाइतेहरूको शीघ्र उपचार र गिरफ्तार गरिएका सम्पूर्ण नेता तथा कार्यकतालाई अविलम्ब रिहाइका लागि सरकारसँग जोडदार माग गर्दछ। साथै, हाम्रो पार्टी अमेरिकी साम्राज्यवादको हस्तक्षेपको अन्त्य र राष्ट्रघाती एमसीसी परियोजना खारेजीका लागि जोडदार आवाज उठाउन सम्पूर्ण देशभक्त नेपालीलाई हार्दिक आह्वान गर्दछ।'

एमसीसी खारेज नभएसम्म संघर्ष जारी : आठ दल

नेकपा (क्रान्तिकारी माओवादी) महासचिव मोहन वैद्य किरण, नेकपा (विप्लव)का महासचिव विप्लव नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंह, नेकपा मालेका महासचिव सीपी मैनाली, नेकपाका अध्यक्ष ऋषि कट्टेल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक आहुती, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले मङ्गलबार साँझ संयुक्त विज्ञप्ति जारी गर्दै एमसीसीविरुद्धको आन्दोलनमा सक्रिय सहभागिता जनाउने सबैमा धन्यवाद दिनुभयो। आन्दोलनमा घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभ र बन्दी बनाइएकाहरूको अविलम्ब रिहाइको माग गर्नुभयो।

संयुक्त प्रेस विज्ञप्तिमा भनियो, 'नेपाल राष्ट्रको स्वाधीनतामाथि अमेरिकी साम्राज्यवादी हस्तक्षेप गर्ने एमसीसी परियोजना र त्यसलाई नेपालको संसद्बाट पारित गराउने देउवा सरकार एवम् नेपाली दलाल तत्वहरूका विरुद्ध ६ कम्युनिस्ट पार्टी र २ वटा मोर्चाले आज आयोजना गरेको संसद् भवन घेर्ने आन्दोलनको कार्यक्रम ऐतिहासिक, जुझारु, भव्य र सानदार रूपमा सपन्न भएको छ। सङ्घर्षको कार्यक्रमलाई यो स्तरबाट सफल पार्न सशक्त रूपमा सहभागी हुने पार्टीका नेता, कार्यकर्ता, सङ्घ, सङ्गठन, अभियन्ताहरू र आमनेपाली जनसमुदायमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछौं।'

विज्ञप्तिमा अगाडि भनियो, 'काठमाडौँ र चितवनमा यो सरकारले गरेको निरङ्कुशतावादी बर्बर दमनको हामी घोर निन्दा एवम् भर्त्सना गर्दछौं। घाइते नेता तथा कार्यकर्ताहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। गिरफ्तार गरिएका आन्दोलनकारीहरूलाई तुरुन्त रिहा गर्न र घाइतेहरूको निःशुल्क उपचार गर्न सरकारसँग जोडदार माग गर्दछौं।'

संयुक्त विज्ञप्तिमा चेतावनी दिएको छ, 'राष्ट्रघाती एमसीसी परियोजनालाई अमेरिकी जो बाइडन सरकारले तत्काल फिर्ता नलिए र देउवा सरकारले खारेज नगरे आगामी दिनमा कडा आन्दोलनको घोषणा गर्ने चेतावनी पनि दिन चाहन्छौं।'

एमसीसी पास गराउने देउवा सरकारको षड्यन्त्र

अघिल्लो पटक शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा नेपाल र अमेरिकाबीच सन् २०१७ मा एमसीसी सम्झौतामा हस्ताक्षर भएको थियो

अमेरिकी सहायता निकाय मिलेनीअम च्यालेन्ज कर्पोरेशनले निकट भविष्यमा झन्डै ६० अर्ब रूपैयाँ बराबरको आर्थिक अनुदान अनुमोदन गर्ने प्रतिबद्धता नेपाल सरकारले व्यक्त गरेको जनाएको छ।

वाशिङ्टन डीसीमा बुधवार जारी गरिएको विज्ञप्तिमा नेपाललाई विद्युत् प्रसारण लाइन र सडक पूर्वाधारका लागि प्रतिबद्धता जनाइएको आर्थिक सहायताबारे समीक्षा गरिएको उल्लेख गरिएको छ।

हालैका महिनामा अमेरिकी सरकारका वरिष्ठ अधिकारीहरूले काठमाण्डू भ्रमण गरी सन् २०१७ मा नेपाल र अमेरिकाबीच भएको उक्त अनुदान सम्झौताबारे चाँडो निर्णय लिन नेपालको सरकारलाई दबाब दिएका थिए।


गएको सेप्टेम्बरमा एमसीसी उपाध्यक्ष फातिमा जी सुमार र नोभेम्बर महिनामा अमेरिकी सहायक विदेशमन्त्री डोनल्ड लूले प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्तापक्षीय र प्रतिपक्षका प्रमुख नेताहरूसँग भेटेर एमसीसी सम्झौता पास गर्न दबाब दिएका थिए।

नेपालमा विवादास्पद मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) सम्झौता संसदबाटै पारित हुनेमा अमेरिका अझै आशावादी देखिएको छ। सञ्चालक समितिको चौमासिक बैठकमा चाँडै नै कम्प्याक्टलाई संसदबाट अनुमोदन गर्ने प्रतिवद्धता नेपाल सरकारबाट आएको जानकारी गराइएको र त्यसतर्फ ध्यान दिइएको एमसीसी मुख्यालयले जनाएको छ।

एमसीसी बोर्ड बैठककै दिन पारेर नेपाल सरकारले मंसिर २८ का लागि संसदका दुवै बैठक आह्वान गरेको थियो। तर एमसीसीका विरुद्ध आठ दलको घेराउ र प्रदर्शन लगायतका कारण संसद बैठक एकसाताका लागि स्थगित भएको बैठक पौष ६ गते पुनः बोलाइएको छ। र, ८ दलले पनि पुनः संघर्षका कार्यक्रम घोषणा गर्दै देशव्यापी विरोध प्रदर्शन गर्ने तयारी गरेका छन्।

## सन्दर्भ १२९औं माओ जयन्ती

# विश्व कम्युनिस्ट आन्दोलनमा माओका योगदानहरू



● हस्तबहादुर केसी ●




यही २०२१ डिसेम्बर २६ का दिन विश्व सर्वहारावर्ग तथा उत्पीडित जनसमुदायले विश्वसर्वहारावर्गका महान् नेता तथा चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष एवं माओवादका क. माओत्सेतुङको १२९औं जन्मजयन्ती बडो धुमधामका साथ मनाए र माओवादीको रक्षा, प्रयोग र विकास गर्ने कुरामा दृढ प्रतिबद्धता जाहेर गरे ।

क. माओको यस १२९औं जन्मजयन्तीको अवसरमा क. माओले मार्क्सवादका तीन संघटक अंग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा पुऱ्याएका योगदानका बारेमा यस लेखमा संक्षिप्त र सूत्रबद्ध रूपमा उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

***माओवादको प्रतिपादनका ऐतिहासिक आधारहरू***

लेनिनको नेतृत्वमा रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो र त्यसद्वारा समाजवादी क्रान्तिको आम कार्यदिशा तथा नीति स्थापित हुन पुग्यो । तर एसिया, अफ्रिका तथा दक्षिण अमेरिकाका अविकसित मुलुकहरूमा क्रान्तिलाई कसरी अगाडि बढाउने भन्ने समस्या पैदा र यस समस्याको समाधानः गर्ने ऐतिहासिक आवश्कता अनुसार माओले वैचारिक तथा सैद्धान्तिक मान्यता विकसित गर्नु भयो ।

रुसमा समाजवादी निर्माणका कामलाई कसरी अगाडि बढाउने भन्ने बारेमा गंभीर समस्या पैदा भए र यसै प्रक्रियामा त्यहाँ पुँजीवादको पुनः स्थापना कसरी रोक्ने भन्ने समस्या पैदा भए । रुसमै आधुनिक संशोधनवाद पैदा भयो र त्यसबाट अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा गंभीर प्रभाव पऱ्यो । त्यस स्थितिमा माओले रुसमा पूँजीवाद विरोधी संघर्ष लगायतका विषयमा आधारित समस्यालाई गंभीरतापूर्वक आत्मसात् गरी तिनको सैद्धान्तिक समाधान प्रस्तुत गरी अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा सही दिशा तथा नेतृत्व प्रदान गर्ने काममा महत्वपूर्ण योगदान पुऱ्याउनु भयो ।

यसगरी चीनमा समाजवादी निर्माण कालमा पैदा भएका गंभीर समस्यामाथि ध्यानदिँदै पूर्जीवादको पुनः स्थापना रोक्न र विश्वदृष्टिकोणकै समस्याको समाधान गर्नका लागि सैद्धान्तिक आधार निर्माण गरी क्रान्ति तथा आन्दोलनको नेतृत्व गर्ने कार्यमा महत्वपूर्ण योगदान गर्नु भयो ।

उक्त सन्दर्भमा मार्क्सवाद- लेनिनवादलाई थप विकास गर्न आवश्यकता पैदा भयो र त्यसै पृष्ठभूमिमा क. माओद्वारा माओवादका प्रतिपादन भयो ।

***सैद्धान्तिक क्षेत्रमा माओका योगदान दर्शनको क्षेत्र***

दर्शनको फाँटमा माओले द्वन्द्ववादको आधारभूत नियमका रूपमा विपरीतहरूको नियमलाई स्थापित तथा विकसित गर्नुभयो । यसै क्रममा वहाँले द्वन्द्ववादलाई अन्तविरोधको नियमका रूपमा नयाँ उँचाइ प्रदान गर्नुभयो ।

दर्शनमा मार्क्सवादको पक्षपोषण र संशोधनवादको विरोधको क्रममा दुईको एकसमायोजनका विरुद्ध 'एकको दुईमा विभाजन' का रूपमा विपरीतहरूको एकत्वको नियमलाई अझै परिमार्जित तथा समृद्ध तुल्याउनु भयो ।

आज विश्व सर्वहारा वर्गका महान्, माओवादका प्रतिपादक तथा चिनिया कम्युनिस्ट पार्टीका शिक्षाध्यक्ष कमरेड माओ त्सेतुङको १२९ जन्म दिवस हो । आजकै दिन अर्थात २६ डिसेम्बर सन १८९३ मा चीनको हुनान प्रान्तको श्याङश्यान काउन्टीको शाओसान गाउँमा एक किसान परिवारमा उहाँको जन्म भएको थियो ।

कमरेड माओ त्सेतुङ एउटा अर्धसामन्ति र अर्ध उपनिवेशिक अवस्थामा रहेको देशमा गरिने नयाँ जनवादी क्रान्ति अर्थात नयाँ खाले पुँजीवादी क्रान्तिका सिध्दान्तकार र क्रियान्वयनकर्ता समेत हुनुहुन्छ र उहाँकै नेतृत्वमा सन १९४९ अक्टोबर १ का दिन महान चिनिया नयाँ जनवादी क्रान्ति सम्पन्न भएको थियो ।

कमरेड माओ माओवादका प्रतिपादक हुनुका साथै सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिका सिध्दान्तकार समेत हुनुहुन्छ । तसर्थ आज माओवाद विश्व सर्वहारा वर्गको मुक्तिको सिध्दान्त बन्न पुगेको छ । जस्तो कि मार्क्सवाद ९ लेनिनवाद ९ माओवाद आज विश्व सर्वहारा वर्गको मुक्तिको सिध्दान्त बन्न पुगेकाले नै आज माओवादलाई आत्मसात नगरिकन कोही पनि सच्चा कम्युनिस्ट बन्नै सक्तैन ।

कमरेड माओले विश्व कम्युनिस्ट आन्दोलनमा दर्शन , राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा जुन योगदान पुर्याउनु भएको छ , उहाँका ती योगदानहरूको रक्षा , प्रयोग र विकास गर्ने ऐतिहासिक कार्यभार आज विश्व सर्वहारा वर्ग , क्रान्तिकारी माओवादी कम्युनिस्ट पार्टीहरू र उत्पीडित जनसमुदाय एवम् सम्पूर्ण उत्पीडित राष्ट्रहरूको काँधमा आएको छ ।

यस ऐतिहासिक अवसरमा विश्वभर क्रियाशील क्रान्तिकारी लेखक तथा पत्रकारहरूको छाता संगठन अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रले कमरेड माओ प्रति उच्च सम्मान गर्दै उहाँका ती सार्वभौम योगदानहरूका बारेमा सही मालेमावादी विश्वदृष्टिकोणका आधारमा लेख्ने , बोल्ने , प्रचारप्रसार तथा प्रकाशन गर्ने र विश्व सर्वहारा वर्गले सञ्चालन गर्ने विश्व क्रान्तिका पक्षमा अडिग रहेर ऐक्यबद्धता जाहेर गर्दै विश्व क्रान्तिलाई सहयोग पुग्ने गरि लेख्ने , बोल्ने , प्रचारप्रसार तथा प्रकाशन गर्ने अटल विश्वास प्रतिबद्धता समेत जाहेर गर्दै कमरेड माओप्रति हार्दिक श्रध्दान्जली अर्पण गर्दछौं ।

क्रान्तिकारी अभिवादन सहित ।

*मिति : २६ डिसेम्बर २०२१*

***(हस्तबहादुर केसी)***
***अध्यक्ष***
***अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्र***
***केन्द्रीय कार्यालय काठमाडौं , नेपाल***

ज्ञानसिद्धान्तका क्षेत्रमा क. माओले व्यवहारलाई आधार बनाई वर्गसंघर्ष, उत्पादनको निमित संघर्ष र वैज्ञानिक प्रयोगलाई ज्ञानको स्रोतका रूपमा विकसित गर्नु भयो र ज्ञानको कसौटीका रूपमा व्यवहारलाई स्थापित गर्नु भयो । त्यति मात्र होइन, क. माओले पदार्थबाट चेतना र चेतनाबाट पदार्थमा जाने ज्ञानको दुई छलाङ्गको सिद्धान्तलाई विकसित तुल्याउनु भयो ।

क. माओले ऐतिहासिक भौतिकवादको क्षेत्रमा उत्पादन शक्ति र उत्पादसम्बन्ध, आधार र उपरिसंरचना तथा व्यवहार र सिद्धान्तका बिचको द्वन्द्वात्मक सम्बन्धलाई विकसित तुल्याउनु भयो । उहाँले उत्पादन शक्ति, आधार तथा व्यवहारले समग्रमा निर्णायक भूमिका निर्वाह गरे पनि कुनै खास परस्थितिमा उत्पादन सम्बन्ध, उपरिसंरचना तथा सिद्धान्तको पनि मुख्य भूमिका हुने कुरा बताउनु भयो

***राजनीतिक अर्थशास्त्रको क्षेत्र***

राजनीतिक अर्थशास्त्रको क्षेत्रमा माओले सर्वप्रथम वर्गविश्लेषणमा जोड दिनुभयो र अर्धसामन्ती, अर्धऔपनिवेशिक वा औपनिवेशिक अवस्थामा रहेका मुलुकहरूमा नोकरशाही तथा दलाल पुँजीपति र जमिनदारवर्ग दुश्मन वर्ग र राष्ट्रिय पुँजीपतिलाई मित्रवर्गका रूपमा लिँदै मजदुर वर्गको नेतृत्वदायी र किसान वर्गको महत्वपूर्ण भूमिका हुने कुरा बताउनु भयो ।

क. माओले उक्त अवस्थामा रहेका मुलुकहरूमा सामन्तवाद र साम्रूाज्यवादको गठबन्धनको बिचबाट नोकरशाही पूँजीवाद जन्मिएको मान्यता प्रतिपादन गर्नुभयो ।

क. माओले दोस्रो विश्वयुद्ध पश्चात् नवउपनिवेशवाद विकसित भएको कुरा संश्लेषित गर्नु भयो ।

क. माओले समाजवादी निर्माण कालमा सोभियत अर्थतंत्रको समीक्षा गर्नुभयो । साथै चिनियाँ समाजवादी क्रान्तिकालमा दश प्रमुख सम्बन्धहरूको व्याख्या गरी कृषिलाई आधारभूत र उद्योगलाई नेतृत्वकारी भूमिका प्रदान गर्नुपर्ने कुरामा जोड दिनुभयो । साथै, वहाँले क्रान्तिलाई पकड र उत्पादनलाई बढाऊ, लाल र निपुण बन, योजनाबद्ध रूपमा अर्थतंत्रको विकास गर जस्ता मान्यता विकसित गर्नु भै राजनीतिक अर्थशास्त्रका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु भयो । ।

***वैज्ञानिक समाजवादको क्षेत्र***

अर्धसामन्ती, अर्धऔपनिवेशिक वा औपनिवेशिक मुलुकहरूका लागि क. माओले नयाँ जनवादको मान्यता प्रतिपादन गर्नु भयो ।

उक्त मुलुकहरूका सन्दर्भमा माओले दीर्घकालीन जनयुद्धको सिद्धान्त विकसित गर्नुभयो ।

साथै क. माओले समाजवादी क्रान्तिका लागि सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्र क्रान्ति र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्त प्रतिपादन गर्नुभयो ।

माआलेले क्रान्तिका लागि तीन जादुगी हतियारको मान्यता प्रतिपादन गर्नु भै राज्यसत्ता बन्दुकको नालबाट जन्मछ भन्ने संश्लेषण गर्नुभयो । माओले जनदिशाको मान्यता विकासित गर्नु भयो ।

अन्ततः माओले साम्राज्यवाद र संशोधनवादका विरुद्धको संघर्षको प्रक्रियामा दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद जस्ता मार्क्सवाद र लेनिनवादका तीन संघटक अंगलाई मार्क्सवाद- लेनिनवाद - माओवादको समग्रतामा गुणात्मक रूपमा विकसित गर्नु भयो ।

***माओवादका सार्वभौम पक्षहरू***

माओका सैद्धान्तिक योगदान कुनै देशविशेषका मात्र नभई विश्वकै क्रान्ति र कम्युनिष्ट निम्ति सार्वभौम बन्न गएका छन् । अब विश्वसर्वहारा वर्गको पथप्रदर्शक सिद्धान्त र समग्रमा मार्क्सवाद- लेनिनवाद- माओवादका रूपमा एक अखण्ड एकाइ बन्न गएको छ र त्यो विकासको तेस्रो, नयाँ र उच्च चरणमा विकसित हुन पुगेको छ । यसरी मार्क्सवाद - लेनिनवाद- माओवाद विश्वसर्वहारा वर्ग र उत्पीडित जनसमुदायको क्रान्तिको एक समग्र विज्ञान बन्न गएको तथ्य वैज्ञानिक रूपमा पुष्टि हुन पुगेको छ ।

# सिन्धुली जिल्लामा नेकपा(क्रान्तिकारी माओवादी)निकट विभिन्न जवसका जिल्ला भेलाहरू सम्पन्न

सिन्धुली । सिन्धुली जिल्लामा नेकपा(क्रान्तिकारी माओवादी)निकट अखिल नेपाल किसान महमसंघ (क्रान्तिकारी), क्रान्तिकारी युवालिग नेपाल र नेपाल दलित मुक्ति मोर्चाको संयुक्त जिल्ला भेलाहरू सम्पन्न गरी निम्नअनुसारका जिल्ला समितिहरू गठन भएका छन् :

अखिल नेपाल किसान महसंघ (क्रान्तिकारी) सिन्धुली जिल्ला समिति बालकृष्ण थापाको संयोजकत्वमा निम्न सदस्यहरू रहने गरी गठन गरिएको छ, जसमा गोरखबहादुर बुढाथोकी, वेदबहादुर थापा, गोपाल विक , सन्तोष बुढाथोकी, राजन चुहान , चैमली पोखरेल, शिव कामी र अदल विक हुनुहुन्छ ।

त्यसैगरी क्रान्तिकारी युवालिग नेपाल जिल्ला समिति सिन्धुलीको गठन गरिएको छ, जसमा संयोजक कृष्ण राई , सदस्यहरू राजु परियार, चक्र परियार, विशाल स.न्चुरी, सरोज विक, विजय जिन्वा काजीमान विशंखे, निरोज विक र हरी महत भएको जिल्ला समिति गठन भएको छ। नेपाल दलित मुक्ति मोर्चा जिल्ला समिति सिन्धुलीको पनि जितबहादुर नेपालीको संयोजकत्वमा महाविर बयलकोटी, डिल्ली, विरबहादुर विक, सन्तोष विक, संगीता बोलैन्जे, अमर परियार, पुष्पलाल नेपाली , जगत विक,अमृत सदस्य हुनुहुन्छ ।

उक्त संयक्त भेलामा अखिल नेपाल किसान महमसंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामांगले प्रशिक्षणमूलक भनाइहरू राख्दै शूभकामना मन्तव्य दिनुभएको थियो भने पार्टी केस तथा जिल्ला इन्चार्ज जीवनले प्यानल प्रस्ताव राखी पारित भएपछि तीनवटै जिल्ला समितिहरूलाई उनीहरूको काम कर्तव्य वारे प्रष्ट पार्दै बधाइ



दिनु भयो ।

उक्त कार्यक्रममा जिल्ला पार्टी सेक्रटरी सुवर्ण, ३ नं.प्रदेश सल्लाहकार इन्दीरा रायमाझी ..उपस्थिती थियो । उक्त भेलामा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का ३ नं. प्रदेश संयोजक शेखर आचार्य, युवाका प्रदेश संयोजक केशब ढलकोटी र देजमो जिल्ला अध्यक्ष ढकप्रसाद देवकोटाको पनि उपस्थिति थियो ।

त्यसैगरी नेकपा(क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समितिले सिन्धुली माडी बजारमा पौष ९ गते दिनको ३ बजे विरोध कोणसभा सम्पन्न गरेको छ। उक्त कोणसभामा अखिल नेपाल किसान महमसंघ (क्रान्तिकारी) का अध्यक्ष सीताराम तामांग र पार्टी केसस तथा जिल्ला इन्चार्ज जीवनले एमसीसीका बारेमा प्रष्ट पार्दै साम्राज्यवादी अमेरिकाले लादेको राष्ट्रघाती एमसीसी खारेज गर्न संघर्ष गनु पर्ने वारेमा प्रकाश पार्नु भएको थियो ।

उक्त विरोधसभाको सञ्चालन देजमो नेपाल सिन्धुली जिल्ला अध्यक्ष ढकप्रसाद देवकोटाले गर्नु भएको थियो ।

# आज आफ्नै कुरा



● रेवती त्रिपाठी ●

पुगौं यस मरुस्थलमा कसरी ?

मलाई पहिलेदेखिनै पद्य कविता असाध्यै मन पर्दथे । कविताप्रति प्रेम यस्तो थियो कि विद्यालयमा पढदा नयाँ कक्षामा चढेपछि पुस्तक किनेको पहिलो दिन नै नेपालीका सवै कविता पढेर सिध्याउथैं । कविता संग्रह भेटैंभने त्यो नसकी अर्को केही कुरा पढ्दिनथैं । नेपाली पद्य संग्रह नामको सायद त्यतिबेलाको कक्षा १० को पुस्तक होला त्यसमा भएका लयबद्ध कविता मैले ५ कक्षा पढ्दा नै कण्ठस्त गरेको थिएँ । भीमनिधि तिवारीको काम्यो लुगलुग त्यो गरिव विचरा भन्ने कविता, लेखनाथ पौडेलको काल महिमा, देवकोटाको प्रश्नोत्तर र यात्री, माधव घिमिरेको नवयुवक, अनि सिद्धिचरण श्रेष्ठको ओखलढुँगा कविता मैले जीवनमा सवैभन्दा धेरैपटक पढेका कविता हुन् । कतिपय कविता भाव नबुझेपनि लय मन परेर पढिए र कति कविता सरल भएर भाव बुझेर पढियो । बास्तवमा यी कविता मन पर्नुको कारण खासमा के थियो त्यो अहिलेपनि मलाई एकीन थाहा छैन । तर प्रमुख कारण तिनको लयबद्धता नै हुनुपर्छ । म अहिले पनि ओखलढुंगा कवितामा गाइएको गीत धेरै सुन्छु । कहिले नारायण गोपालको स्वरमा त कहिले रामेशको स्वरमा । मलाई एउटै गीत धेरै पल्ट बजायो भनेर छोराहरूले गाली गर्छन । तर म यो गीत बजाउन छोड्दिन बरु एयर फोन लगाएर सुन्छु ।

उक्त गीतका सवै पङ्तिहरू उत्तिकै कर्णप्रीय छन् र विशेष गरी यसको भाग्यको लहरमा लहरी लहरी पुगौं यस मरुस्थलमा कसरी भन्ने पङ्तिले साच्चिकै मन छोएको थियो र अहिले पनि छोएको छोयै छ । उ बेला किशोर मस्तिष्कमा काठमाण्डौलाई कबिले किन मरुस्थल भनेहोलान् भन्ने कौतुहलता छाउँथ्यो भने अहिले त्यो कुरा आफूलाई पनि उत्तिकै लागू भएको देखेर झस्काउँछ । जोसुकैलाई आफ्नो जन्मस्थल र बाल्यकाल विताएको ठाउँ राम्रो र प्यारो लाग्छ । जीवन सहज र अपेक्षा गरे अनुरूप चलेसम्म मानिसले जन्मस्थल छोडदैन । कित बाध्यताले छोड्छ कित अझै थप सहज र सुखी जीवन प्राप्त गर्ने अभिलाशाले छोड्छ । जेएस् मिल र बेन्थमको सुखबादी सिद्धान्तका सवैकुरा स्वीकार गर्न नसकिएपनि मलाई मानिसका क्रियाकलाप सुखको खोजीमा नै केन्द्रित हुन्छन् भन्ने कुरामा असहमत हुनुपर्छ भन्ने लाग्दैन । सुख भन्नाले केवल शारीरिक मात्र हुँदैन । मानसिक र मनोवैज्ञानिक सुख पनि हुन्छ । त्यसैले मानिस सुख र सहजताको खोजीमा र कतिपय बाध्यताले आफ्नो जन्मस्थल छोड्छ । पहिला काठमाण्डौ पढ्न बसेको ३ बर्ष कटाउने हो भने मेरा जीवनका २९ बर्ष जन्मस्थान अर्थात कालिका हाल पोखरा २८ मा विते । त्यहाँ दुःख के हो अनि आनन्द के हो? दुवै अनुभूति गरैं । बस्तुहरू चराउन जँगल जाँदाका साथीहरू, मेलापात गर्दाका साथीहरू, घाँस काट्न जाँदाका साथीहरू अनि दशैंमा पिँग खेल्न जाँदाका साथीहरू बोलेको अहिल्यै जस्तो लाग्छ ।

सुख र दुःखको कुरा गर्दा त्यतिबेला शरीरलाई आराम त थिएन तर मनलाई सुख थियो । मैले बुझ्न थालेको छु आराम र सुख भन्ने कुरा फरक फरक फरक हुन् । यो मैले अनुभवबाट आर्जन गरेको ज्ञान हो । कसैले कतै भनेको रहेछ भने त्यो भन्नेको र मेरो सोच मिल्यो होला । मैले यो कतै पढेको छैन । सुख भनेको आनन्द हो र आनन्द हुन शरीरले आराम पाउनु पर्छ भन्ने छैन । नवजात शिशुकी आमा शिशुलाई दुध चुसाउनु पर्दा रातभरी निदाउन पाउँदिनन्, उनको शरीरले आराम अवश्य पाउँदैन तर उनलाई दुःख लाग्दैन । आनन्दको अनुभूति हुन्छ । अझ यो भन्दा पर प्रसव बेदना कम कठिन हुन्छ तर सन्तानको जन्मपछि आमाको लागि त्यो भन्दा परमआनन्दको क्षण सायद कुनै होला । यो आनन्द मानसिक सुख हो । दिनभरी खेतमा काम गरेर आँफूसँग भएमध्येको मनपर्ने भोजन गरी मस्त निदाउन सकियो भने त्यो आनन्द हो र मानसिक सुख हो । तर दिनभरी बसेर चौराशी व्यञ्जन भोजन गरेरपनि चैनसँग निदाउन सकिँदैन भने त्यो दुःखै हो । गाउँमा शारीरिक परिश्रम गर्नु पर्दथ्यो भन्नुको अर्थ दुःख थियो भन्ने हुँदैन । अहिले शरीरलाई कष्ट छैन तर मनमा सुख छैन । खाना जति मिठो त्यतिबेला हुन्थ्यो त्यति अहिले जतिसुकै परिकार भएपनि हुँदैन । खाना परिकारले होइन भोकले गर्दा मिठो हुन्थ्यो । परिकार आवश्यक पर्दैनथ्यो । कपडा नयाँ भए उसै राम्रो हुन्थ्यो खासै रोजाई थिएन । मैले दशकक्षासम्म पढ्दा प्रा.वि.को शिक्षक भन्दा परको लक्ष बोकेकै थिइन ।बुबा आफू शिक्षक भएको कारण छोरो शिक्षक चै नबनोस भन्ने चाहनाले शिक्षा पढ्न दिनु भएन । कानुन पढ्न कर गर्नु भयो । तर मलाई लाग्छ म जति खुशी प्रा.वि.को शिक्षक हुँदा थिएँ त्यति खुशी एउटा संवैधानिक निकायको नीति निर्माण तहमा हुँदा हुन सकिन । (यसको अर्थ म सन्तुष्ट थिइन भन्ने होइन है मात्र तुलनाको कुरा गरेको)। त्यसैले होला म फेरी पनि अध्यापनमा रमाएको छु ।

अध्ययन कानुन विषयको गरेपनि मेरो पहिलो र उत्तरार्धको बृत्ति पनि अध्यापन नै रहन गयो । नढाँटी भन्दा चालक सहितको सरकारी गाडिमा सहसचिवको जागिर भन्दा सार्वजनिक बसमा चढेर क्याम्पस ओहोर दोहोर गर्दा म आनन्दित छु । यस अर्थमा म अहिले सुखानुभूति गरिरहेछु । तर जव म जन्मेको गाउँ संझिन्छु, घरमुनीको र डाँडाको समी अनि बर पिपलको चौतारो, भीरगौंडी, बाटोका रुखहरू, कोयलीको कुहूकुहू संझिन्छु फेरी युगकविको कविताको उही पङ्ति याद आउँछ । अहिले मलाई यहाँ बस्न कसैले बाध्य पारेको छैन, कुनै डोरीले बाँधेको छैन । तर एउटा अदृष्य डोरीले बाँधिएको छु म, हिजो भन्दा कैंयौ गुनाबढी सम्पन्नता छ, हात धुने नुहाउने तातोपानी छ, जाडो भए हिटर छ, खान जतिबेला जस्तो खोजे बनाइदिने श्रीमती अनि छोरा बुहारी छन् तर मन प्रत्येक पल उही डाँडा र पाखा तिरै बरालिन्छ । सपना देख्दा पनि कहिल्यै काठमाण्डौको देख्दिन उही डाँडा पाखाको, उही कच्ची घरको , उही उकालो र ओरालोको, उही चौताराको र उही विसौनिको देख्छु । त्यही सपना संझेर आनन्दित हुन्छु । अनि तिनै गीत भनौ वा कविताका पङ्तिहरू गुनगुनाउँछु पुगौं यस मरुस्थलमा कसरी तर खेद छैन तिम्रो आकृति कुँदिएको छ यो हृदयभरी ॥ हृदय भरिएको हो कि भारी भएको हो घरिघरि झुक्किन्छु । यो भ्रममा पर्नुपनि एउटा आनन्द हो ।

## ❑ साताको कविता

### मान्छेको प्रश्न !



❑ बलराम तिमल्सिना ❑

*जाँतो पनि छ*
*हातो पनि छ*
*मानी पनि छ*
*मकै पनि छ*
*तर मान्छे भएन भने*
*मान्छे नभएपछि*
*जाँतो चुपचाप स्थिर बस्छ*
*न जाँतो घुम्छ*
*न त च्याख्ला बन्छ*
*न त पिठो बन्छ !*

*ठेकी पनि छ*
*मदानी पनि छ*
*नेती पनि छ*
*घुर्रो पनि छ*
*ठेकीभित्र दही पनि छ*
*यहाँ पनि मान्छे भएन भने*
*मान्छे नै नभएपछि*
*न मदानी घुम्छ*
*न दही मथिन्छ*
*न नौनी निस्कन्छ !*

*खेत पनि छ*
*हलो पनि छ*
*गोरु पनि छ*
*जुवा-जोतारा-सोइला*
*हरिस- अनौ र फाली सब ठीकठाक छन*
*तर अनौं समात्ने मान्छे भएन भने*
*मान्छे नै नभएपछि*
*न बाँझो जोतिन्छ*
*न डल्ला फोरिन्छ*
*न बाली रोपिन्छ !*

*अटोमोशन भ्यान पनि छ*
*अन्तरिक्षगामी यान पनि छ*
*अन्तरमहादेशीय क्षेप्यास्त्र,*
*राडारलाई छल्ने प्रविधी,*
*हजारौ प्रकाश वर्ष टाढा नियाल्ने टेलिस्कोप*
*लाखौं प्रश्नहरूको जवाफ दिने*
*र करोडौं मान्छेहरू चिन्ने*
*आर्टिफिसियल इन्टेलिजेन्स छ*
*यी सबै कुरालाई नियन्त्रण गर्ने*
*सफ्टवेयर छ*
*कम्प्युटर पनि छ*
*माउस पनि छ*
*रिमोट कन्ट्रोल पनि छ*
*तर यी सबै कुराबाट गायव भयो भने मान्छे*
*यि चिजहरूले केही काम गर्दैनन् !*
*जति सुकै उन्नत रोबोट पनि*
*त्यो भन्दा चलाख मानव दिमागको उपज हो*
*हजारौं वर्षको हण्डरको*
*हजारौं वर्षको अनुसन्धान र अनुभवको*
*हजारौं वर्षको परिक्षणको*
*मान निर्मित बस्तु हो*
*र निर्मित बस्तु*
*कहिलै निर्माताभन्दा माथि हुन सक्दैन !*

**२०७८ मंसिर २९**
**माइतीघर, काठमाण्डौ**

## के. अमेरिकाले...

लिएको देखिन्छ ।

एमसिसि भनेको अमेरिका अधिनस्त ईण्डो प्यासिफिक रणनीतिको एउटा अङ्ग हो, चीनको बिआरआईलाई रोक्नको लागि यो ल्याईएको हो भन्ने केही विद्वानहरूको दाबी पनि रहेको छ ।

एमसिसि धेरै पटक निलम्बित हुँदै आएको छ, र अझै नेपालको संसदबाट अनुमोदित हुन सकिरहेको छैन । अब, अमेरिका पनि प्रतिक्षा गर्नै नसक्ने अवस्थामा पुगिसकेको छ ।

एमसिसिलाई जसरी भएपनि लागु गर्नको लागि दक्षिण तथा मध्य एसियाली मामला हेर्ने अमेरिकी सहायक विदेश सचिव डोन्याल्ड लु तथा दक्षिण तथा मध्य एसियाली मामला उप सहायक विदेश सचिव केली किडर्लिङ्ग दुबै गत नोभेम्भर १७ र १८मा नेपाल आइपुगे ।

अमेरिकी दक्षिण तथा मध्य एसियाली मामलाका डोन्याल्ड लुले गत नोभेम्बर १९मा आफ्नो भ्रमणको अन्त्यतिर एमसिसिबारे थप स्पष्ट पारे ।

'हामीले कुनै समयसीमा तोकेका छैनौ' भन्ने तर्क गर्दै उनले अमेरिकाले एमसिसि अनुमोदन गर्न नेपाललाई दबाब दिइरहेको भन्ने कुराको खण्डन त गरे तर फेरि धम्कि पनि दिए, 'नेपालले यो सहयोगलाई ईन्कार गऱ्यो भने, यो सहयोग हामी अन्य कुनै देशलाई दिनेछौ ।'

नेपाल र चीन लगायत नेपालका छिमेकीहरूसँग अमेरिकाले असल सम्बन्ध कायम राख्न चाहन्छ भन्ने उनको दाबी रह्यो । उनले लोकतन्त्रको लागि आयोजित सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री शेर बहादुर देउबालाई निमन्त्रणा पनि दिए । परराष्ट्र मन्त्रालयबाट जारी विज्ञप्तिमा, यसै वर्षको डिसेम्बरमा हुने भनिएको यस विश्वसम्मेलनमा प्रधानमन्त्री शेर बहादुर देउबा सहभागी हुने कुराको घोषणा नेपालले पनि गऱ्यो ।

सबैभन्दा विपन्न देश हुनुको कारण, नेपालमा महङ्गो यातायात तथा उर्जा संकटको कारण नेपालको आर्थिक विकासलाई नराम्रो असर परेको छ । त्यसैले नेपालको लागि पुर्वाधार विकासको ५० करोड अमेरिकी डलर स्वाभाविक रूपमै आकर्षक हुने त भइहाल्यो ।

यस सम्झौताको लागि अमेरिकी कँग्रेस नै जीम्मेवार छ । कँग्रेसको वेवसाइट अनुसार, विपन्नताबाट मुक्तिको लागि विकासशील देशहरूलाई सहयोग गर्ने कुरामा भौतिक पुर्वाधार परियोजनामा लगानी गर्ने लक्ष्य लिएको यो एमसिसि विल्कुलै नयाँ र स्वतन्त्र वैदेशिक सहयोग निकाय हो । त्यसैले यो सम्झौता नेपालको आवश्यकतासँग मिल्ने देखिन्छ ।

यसले नेपाललाई झण्डै ३०० किमी लामो ४०० केभि विद्युत ट्रान्समिसन लाईन निर्माण गर्ने र पुर्व पश्चिम राजमार्गमा झण्डै १०० किमी सडक विस्तार गर्ने कुरामा सहयोग गर्दछ । नेपालले सन २०१७ सेप्टेम्बरमा यस सम्झौतामा हस्ताक्षर गऱ्यो । नेपालको राजनैतिक अस्थिरतालाई मध्य नजर गर्दै सत्ता परिवर्तनसँगै यसको कार्यान्वयनमा कुनै अवरोध नआओस भनी नेपालको संसदले नै यसलाई अनुमोदन गरोस भन्ने अमेरिकाको माग रहेको छ । यसरी विगत ४ वर्षदेखि यो सम्झौता नेपालको संसदमा अल्झिएर बसेको छ ।

तिबेला अमेरिका साच्चिकै चिन्तित देखिन्छ । जत्तिसक्यो छिट्टो, नेपालको संसदलाई यो परियोजना अनुमोदन गराउन दबाब दिनको लागि अमेरिकाले एमसिसि उपाध्यक्ष फातिमा सुमारलाई नेपालको चार-दिने (सेप्टेम्बर ९-१२) भ्रमणमा पठायो, र परियोजनाको पक्षमा प्रमूख नेतृत्वमाथि दबाब बढायो ।

फतिमा सुमारले स्पष्ट उल्लेख गरिन 'छिट्टै यस परियोजनालाई अनुमोदन गर्ने कि ५० करोड लडर परित्याग गर्ने नेपालले एउटा त रोज्नै पर्दछ । सं.रा. अमेरिकाले अनन्त कालसम्म प्रतिक्षा गर्न सक्दैन ।' उनले अमेरिकी जनताले नेपाली जनतालाई प्रदान गरेको उपहार भनी परियोजनाको प्रशंसा गरिन ।

परियोजनाको अनुमोदनलाई स्थगित गर्ने निर्णय गर्दै गत अक्टोबर २९मा नेपालको संसदले उनलाई निराश पाऱ्यो ।

दक्षिण तथा मध्य एसिया मामलाको अमेरिकी सहायक विदेश सचिव डोन्याल्ड लु र दक्षिण तथा मध्य एसियाली मामलाका अमेरिकी उपसहायक विदेश सचीव केली किडरलिङ्ग नोभेम्बरमा नेपाल आए । प्रधानमन्त्री शेर बहादुर देउबा तथा परराष्ट्र मन्त्री नारायण खड्का लगायत नेपालका मुख्य नेताहरूसँग डोन्याल्ड लुले भेट गरे । अर्कोतिर केली किडर्लिङ्गले नेपाली समाजमा रहेको भ्रमलाई सफा गर्नको लागि नागरिक समाजका अगुवाहरूसँग कुराकानी गरे ।

परराष्ट्र मन्त्रालयबाट निश्काशित प्रेस वक्तव्यको अनुसार, एमसिसि लगायत प्रमुख विकास कार्यक्रमका धेरै क्षेत्रहरूबारे शेर बहादुर देउबाले छलफल गरे । भरपर्दो श्रोतबाट प्राप्त भनी दि काठमाडौं पोष्टले छाप्यो- भेटघाटको क्रममा, यस परियोजनाबाट नेपाललाई निकै फाइदा पुग्छ भन्दै, जत्तिसक्यो छिट्टो सम्झौतालाई अनुमोदन गर्नको लागि डोन्याल्ड लुले प्रधानमन्त्री देउबालाई आग्रह गरे ।

गत नोभेम्बर १९मा, आफ्नो भ्रमणको अन्त्यतिर, डोन्याल्ड लु ले 'हामीले कुनै समय-सीमा तोकेका छैनौ ।' भन्ने तर्क गर्दै सं.रा. अमेरिकाले नेपाललाई एमसिसि अनुमोदन गर्न कुनै दबाब दिइरहेको छैन भनी घोषणा गरेपनि, 'नेपालले यो सहयोग इन्कार गरेमा हामी अन्य कुनै देशलाई दिनेछौं ।' भन्न बाँकी राखेनन् ।

वास्तवमा उनको यही पछिल्लो अभिव्यक्त आफैमा धम्कि थियो ।

एमसिसि सम्झौताको लागि अमेरिकी अधिकारीले दिएको यो दबाब र हुटहुटीलाई नेपालका केही अँग्रेजी पत्रिकाहरूमा प्रतिबिम्बित पनि भएको हो । दुई करोड भन्दा धेरै नेपालीहरूले एमसिसि मन पराएका छन भन्ने दावी सहित एमसिसिको समर्थनमा यी मिडियाहरूले लेखहरू प्रकाशित गरे ।

त्यस्तै यदि संसदबाट एमसिसि पास भएन भने नेपालको विश्वसनीयतामा प्रश्न उठनेछ, सं.रा. अमेरिकासँगको सम्बन्धमा हानी हुनेछ र नेपालमा सहयोग र लगानीमा असर पर्नेछ भन्ने कुरा पनि उल्लेख गरे ।

एमसिसिका विरोधीहरूलाई चीनको साथ समर्थन छ भन्ने दाबी गर्दै, र यदि एमसिसि सम्झौतालाई अनुमोदन गर्दैन भने, नेपाल चीनको कठ्पुतली बन्नेछ भन्ने तर्क गर्दै, केही मिडियाले त षडयन्त्रको सिद्धान्त समेत प्रतिपादन गरे ।

नेपालमा खबरहब नाम गरेको एउटा अँग्रेजी मिडियाले त एकजना लिन थर गरेका चीनिया खुबिया अधिकारी एमसिसि विरोधी प्रचार-प्रसार क्रियाकलापमा सङ्लग्न भएको आरोप लगाउँदै, विशेषतः अमेरिका जस्ता अन्य देशहरूसँग नेपालको सम्बन्धलाई बर्बाद पार्न भूमिका खेल्ने गरेको गोप्य फाइलको हवाला दिदै, एउटा सन्सनीपूर्ण खबर प्रकाशित गऱ्यो । यसले गणेश मण्डल नाम गरेका राजनैतिक विश्लेषकको भनाई उल्लेख गर्दै, दाबी नै गऱ्यो, यदि नेपालले एमसिसि स्वीकार गर्दैन भने, बिआरआइ पनि परित्याग गरोस् । यी मिडियाको उद्देश्य के हो ? स्पष्टै थाहा हुन्छ ।

एकातिर जनतामा एमसिसि विरोधी आवाज र विचारको बाढी नै छ भने अर्कोतिर मूलधारका नेपाली अँग्रेजी मिडियामा एमसिसिका विरुद्धमा थोरैमात्रै आलोचना सुन्न पाईन्छ । यी मिडियाको पछाडि अमेरिकाको छायाँ रहेको कुरामा शंका गर्न कठिन छ ।

वास्तवमा नेपालमा एमसिसि विरोधी क्रियाकलापहरू बेला बेलामा देखापर्दै आइरहेका छन् । उदाहरणको लागि, एमसिसि छापिएको लास बाकस बोकेर यसलाई दाहसंस्कार गर्दै गरेका नेपालीहरू प्रशस्तै भेटिन्छन् ।

'यदि एपि १ ले एमसिसिको विज्ञापन रोक्दैन भने हामीले तपाईको टेलिभिजनलाई जलाएर खरानी पारिदिनेछौं ।' भनी कसैले धम्की दियो । अन्ततः एपि १ ले एमसिसिको विज्ञापन गर्न रोक्यो । सेप्टेम्बर ३ मा, काठमाडौं स्थित सं.रा.अमेरिकी राजदुतावास अगाडि प्रदर्शन गरिरहेका दश नेपालीहरूलाई प्रहरीले गिरफ्तार गऱ्यो ।

यस सम्बन्धमा एकजना नेपाली विद्वानको भनाई छ, 'स्वयं नेपालीहरू नै एमसिसिको विरुद्ध लड्दैछन्, यसमा चीनको सङ्लग्नता छैन ।

पचास करोड अमेरिकी डलरको उपहारप्रति पनि किन नेपालीहरूको यस्तो प्रतिक्रिया रहेको छ ? र किन नेपाली संसदले यस सम्झौतालाई पटक पटक स्थगित गर्दै आइरहेको छ ?

सं.रा.अमेरिकाले जत्तिसुकै स्पष्टिकरण दिएपनि र त्यसलाई इन्कार गरेपनि, यस सम्झौतासँग सम्बन्धित राजनैतिक शर्तहरूले नेपालमाथि असमानता लादिएकै कारण यसो भएको हो ।

पहिलो कुरा त, यस सम्झौताको खण्ड ७.१मा स्पष्ट उल्लेख भएको छ, 'यो सन्धि र नेपालको कानुन बाझिएमा बाझिएको हदसम्म नेपालको कानुन भन्दा सम्झौता माथि रहनेछ ।'

नेपालमाथि लादिएको बाह्य अधिनस्तताको उदाहरण यही नै हो, जुन साम्राज्यवादी औपनिवेनिवेशिक कानुनको उपज पनि हो, जसको एमसिसि सम्झौता नेपालको देशीय कानुनभन्दा माथि छ भन्ने अर्थ लाग्छ र यो त नेपाल जस्तो भूपरिवेष्ठित राष्ट्रको सार्वभौमिकतामाथिको गंभीर प्रकारको अतिक्रमण नै हो ।

दोस्रो, यसको कार्यान्वयनपुर्व भारतको सहमति चाहिनेछ भनी स्पष्ट उल्लेख गरिएको छ, जुन एउटा सार्वभौम राष्ट्रमाथिको बेइज्जतिको कुरा हो ।

तेस्रो, एमसिसि कार्यक्रमको लेखा परीक्षण अमेरिकीको हातमा हुनेछ । यस लेखापरीक्षणमा नेपाल सरकारको कुनै अधिकार रहनेछैन ।

यस सम्झौताले गर्ने पचास करोड अमेरिकी डलरको साथमा, एमसिसि कार्यक्रमको लागि १३ करोड अमेरिकी डलरको लगानी गर्ने कुरा त नेपाल सरकाले पनि प्रतिज्ञा गरेको छ । तथापि, नेपाल सरकारले आफ्नै लगानी १३ करोड अमेरिकी डलरको पनि लेखा परीक्षण गर्न नपाउने भएको छ ।

केही विद्वानहरूले लामो सुस्केरा हाल्ने गर्दछन्, यो एमसिसि सम्झौता त मूर्खताको उपज हो, र उनीहरूले प्रश्न गर्ने गर्दछन्ः 'नेपाली सार्वभौमिकताको मूल्य कति हो ? जवाफ आउँछ, मात्र ५० करोड अमेरिकी डलर ।

यो बाहेक एमसिसिको अनुमोदनसँगै नेपाल इण्डो-प्यासिफिक रणनीतिको साझेदार बन्नेछ । त्यस्तै यो एमसिसि सम्झौता चीनको बिआरआईलाई रोक्ने उपकरण पनि हो । त्यसैले त सं.रा. अमेरिकाले यसलाई बडो उत्साह र सरोकारका साथ अनुमोदन गराउन चाहन्छ ।

सन् २०१८, डिसेम्बरमा, नेपालका विदेशमन्त्री प्रदिप ज्ञावालीको सं.रा.अमेरिका भ्रमणको बेलामा, पोम्पेओले नेपाल हिन्द-प्रशान्त रणनीतिको साझेदार रहेको कुराको घोषणा गरेका थिए । उक्त त्यस कुराप्रतिको प्रतिक्रियाको सम्बन्धमा उक्त अमेरिकी भनाईको अर्थ बङ्गाउँदै मन्त्री ज्ञावालीले अमेरिकाको भनाईको बचाऊ गर्दै भनेका थिए, 'सं.रा. अमेरिकाले त नेपालले हिन्द प्रशान्त क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्न सक्छ पो भनेका हुन् त' भनेका थिए । वास्तवमा 'क्षेत्र' र 'रणनीति' शब्दहरू बीचको फरक स्पष्टै बुझ्न सकिन्छ ।

तथापि, सन २०१९ मे महिनामा अमेरिकी सहायक विदेश मन्त्री लाञ्जको नेपाल भ्रमणको बेलामा, उनले एमसिसि हिन्द-प्रशान्त रणनीतिको एउटा अङ्ग हो भनी गरेको दाबीको कारण नेपालमा यस विरुद्ध जनआवाज उठेको हो ।

सन २०१९ जुनमा, हिन्द-प्रशान्त रणनीति प्रतिवेदनले नेपाल एक साझेदार भएको कुरा उल्लेख गऱ्यो, र सं.रा. अमेरिकाले नेपालसँग प्रतिरक्षा सम्बन्धलाई अझ गाढा बनाउने प्रयास पनि गऱ्यो । कतै एमसिसि सैन्य उद्देश्यमा उपयोग त हुने होइन, कतै यसले नेपाललाई सं.रा. अमेरिकासँगको सैन्य गठवन्धनमा धकेल्ने त होइन भन्ने नेपालीहरूको चिन्ता र सरोकारको विषय हो ।

नेपालस्थित सं.रा. अमेरिकी राजदुतावासको ट्वीटले नेपालको सबैभन्दा उत्तरी क्षेत्र मुस्ताङ्गमा सं.रा. अमेरिकी र नेपाली सेनाले संयुक्त सैन्य अभ्यास गरेको फोटाहरू देखायो । मुस्ताङ्ग तिब्बतबाट निकै नजिक भएको कारण यो निकै संवेनदशील विषय बन्न गयो ।

परिणाम के कसो आउला यसै भन्न सकिदैन, यतिबेला नेपालले निकै संवेदनशील र निकै जटिल प्रकारको परिवर्तनहरूको सामना गरिरहेको छ ।

कोभिड-१९ महामारीको प्रकोपपछि, अमेरिकी सेनाहरू अक्सिजनका बोत्तलहरू वितरण गर्ने र अक्सिजन कारखाना निर्माण गर्न नेपाललाई सघाउने नाममा नेपालभरि घुमे । यस वर्षको जुलाई १६मा, नेपालको सुदुर पश्चिम क्षेत्र, तेङ्गीमा ब्लड बैंक स्थापना गर्ने कार्यक्रममा केही अमेरिकी कर्मचारीहरू सहभागी भए । अन्तर्राष्ट्रिय नियमित अभ्यास नै छ, विदेशी कर्मचारीले संयुक्त अभ्यास वा तालिमको बेलामा मात्रै युनिफर्म लगाउने गर्दछन् ।

दिपक भट्ट नाम गरेका सैन्य विज्ञले शंका गर्छन्, सं.रा. अमेरिकाले बाँकी विश्वलाई केही सन्देश दिन खोज्दैछ, नभए अमेरिकी कर्मचारीले युनिफर्म लगाउन आवश्यक त थिएन ।

यो त साँच्चिकै डरलाग्दो संकेत होइन र ? यदि नेपालको संसदले एमसिसि अनुमोदन गऱ्यो भने, नेपालको सार्वभौमिकता साच्चिकै जोखिममा पर्नेछ । र, अमेरिकी सैन्य उपस्थितिले पक्कै एमसिसि कार्यक्रमको कार्यान्वयनलाई विस्तार गर्नेछ । भोलिका दिनमा अवश्यंभावी रूपमा पर्नसक्ने अमेरिकी नियन्त्रणको लागि नेपालले के तयारी गर्दैछ त ?

## माओ...

सकिन्छ भनेर चलेका बहसहरू छन् । लेनिन र ट्रटस्कीहरूका बिच भएको बहस पहिलो थियो भने लेनिन र रोजा बिच भएको बहस दोस्रो थियो । यसरी रूसमा १९०३ मा सम्पन्न दोस्रो महाधिवेशनमा निकै ठूलो बहस सञ्चालन भएको थियो । त्यो बहस पार्टीभित्रको विधि, विधान र पद्दतीमा रहने कि नरहने, क्रान्तिमा जाने या नजाने आदि विषयमा भएको थियो । सन् १९०५ मा भएको विद्रोह असफल भएपछि क्रान्तिको कार्यदिशा कस्तो हुने भन्ने विषयमा पुनः पार्टीभित्र निकै ठूलो बहस चलेको थियो । त्यो असफल विद्रोहले पार्टीलाई रक्षात्मक अवस्थामा पुऱ्याएको थियो । त्यसपछि लगातारको बाह्र वर्षसम्मको वैचारिक बहससँगै गरिएको सङ्गठनको विकासले सन् १९१७ को फेब्रुअरीमा पुनः विद्रोह गर्ने वातावरण निर्माण गऱ्यो र त्यो विद्रोह सफल भयो पनि । त्यो क्रान्तिले रुसमा सामन्तवादको अन्त्य भएर जनवादी गणतन्त्र स्थापना गऱ्यो । त्यसपछि समाजवादी क्रान्तिका लागि पुनः लेनिनको नेतृत्वमा अक्टोबर क्रान्ति सम्पन्न भयो । यो सबै सही विचारधारा अङ्गाल्नुको परिणाम थियो । यसरी केन्द्रीय सत्ता त कब्जा गऱ्यो तर स्थानीय सत्ता पूर्णरूपले वोल्सेभिकहरूको हातमा आइसकेको थिएन । फेरि पार्टीभित्र विवाद उत्पन्न भइहाल्यो । त्यो विवादमा मेन्सेभिकहरू प्रतिक्रान्तिकारी कित्तामा सामेल भए भने लेनिन, स्टालिन र किरोभहरूले पार्टीलाई वोल्सेभिक स्पृटमा विकसित गरेर लगे ।

यतिखेर नेपालमा दश वर्षीय जनयुद्धले सेटब्याक खाएको छ । सेटब्याक खानुमा क्रान्तिकारीहरूले मैदानमै हारेर सर्वनास भएर होइन कि सचेततापूर्वक मुख्य नेतृत्वले सिघ्रसत्ता प्राप्तिका लागि योजनावद्ध तरिकाले आफ्नै पङ्क्तिलाई हराउने काम भयो । जनयुद्धलाई संसदवादमा लगेर डुबाउने र घाँटी अँठ्याएर आफैँ हत्या गर्ने काम भयो । यस प्रकारको घटना विश्व कम्युनिस्ट आन्दोलनमा सम्भवतः पहिलो हो । संसारमा जेजति संसोधनवादी विचार हावी भएका छन् त्यो मुख्य नेतृत्वको मृत्यु भएको केही वर्षपछि दोस्रो तेस्रो तहका नेताहरूले क्रामशः वैचारिक विचलनको बाटो समाएर मात्रै प्रतिक्रान्ति भएको छ । तर यहाँ क्रान्ति सम्पन्न नहुँदै विजयको सन्निकट पुगेको आन्दोलनलाई मुख्य नेतृत्वले नै विसर्जन गराउने काम भयो । संसोधनवादको नयाँ रूप भएर नेपालमा देखा पऱ्यो । आज जनयुद्धमा नायकत्व प्रदान गरिएका र विचारको संश्लेषणसमेत गरिएका सर्वोच्च नेताको नेतृत्वमा माओवादी पार्टीको मुख्य हिस्सा संसोधनवादको आहालमा डुबेको छ । सुँगुरको खोर सफा गर्न गएकाहरू उल्टै सुँगुरको विष्टा खाइरहेका छन् । र, त्यो विष्टा नै पो मानिसको सर्वोत्तम खाना हो भनेर त्यसको महिमामण्डित गरिरहेका छन् ।

माओले ‘विचारधारा सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्छ’ भन्नु भयो र पार्टीलाई सही र क्रान्तिकारी बनाउने विषयमा निकै ठूलो सङ्घर्ष गर्नु भयो । नेपालको माओवादी पार्टीमा पनि विचारधारा सही हुनाले नै जनयुद्धको भीषण मोर्चा सकञ्चालन गर्न सफल भएको थियो । उसले विचारधारात्मक सङ्घर्षलाई एकता-सङ्घर्ष-रूपान्तरणको विधि अनुरूप सञ्चाल गर्दै आएको थियो । त्यसैले नै नेपालको वर्गसङ्घर्ष रक्षा र सन्तुलन पार गर्दै प्रत्याक्रमणको चरणमा प्रवेश गरेको थियो । यहाँसम्म आउँदा विशेषतः २०४८ को एकता राष्ट्रिय महाधिवेशन, जनयुद्ध पूर्व २०५१ मा गोरखामा भएको तेस्रो विस्तारित बैठक, त्यसपछिको प्रथम राष्ट्रिय सम्मेलन, २०५५ मा भएको चौथो विस्तारित बैठक, २०५७ को दोस्रो राष्ट्रिय सम्मेलन, २०६१ को फुन्टिवाङ बैठक, लावाङ बैठक हुँदै २०६२ को चुनवाङ बैठकसम्म आउँदा पार्टीभित्र भीषण प्रकारका विचारधारात्मक सङ्घर्षहरू भए । परन्तु जब चुनवाङ बैठक अगाडि नै मार्क्सवादी विचारका एक प्राधिकार व्यक्तित्व कमरेड मोहन वैद्य (किरण) र अर्का वैचारिक नेता सिपि गजुरेलको भारतमा गिरफ्तारी भयो तब पार्टीमा संसोधनवादी विचार हावी भयो र सिङ्गो पार्टीलाई नै संसोधनवादको आहालमा डुवाउने काम सजिलैसँग सम्पन्न गरियो । त्यसैको परिणाम शान्ति प्रक्रियापछि भएको बालाजुको पाँचौ विस्तारित बैठक, खरिपाटी भेला हुँदै पालुङटार विस्तारित बैठकसम्म आउँदा संसोधनवाद निकै बलियो भएर देखा पऱ्यो ।

जहाँसम्म माओवादीभित्र चलेको वैचारिक बहसको कुरा छ, त्यसमा केही स्पष्ट हुन जरूरी छ । वास्तवमा माओवादीभित्र प्रथम राष्ट्रिय सम्मेलनदेखि शान्ति प्रक्रियापछिको कामीडाँडा बैठकसम्म आउँदा पार्टी हेडक्वार्टरबाट प्रस्तुत गरिएको प्रस्तावमाथि मात्र बहस गर्ने गरिन्थ्यो । त्यहाँ रहेका केही जोड र कोणहरूका विषयमा बहस हुने र अन्त्यमा पार्टी नेतृत्वबाट प्रस्तावित राजनीतिक र संगठनात्मक प्रस्तावलाई एकमतले पारित गर्ने गरिन्थ्यो । माओवादी पार्टीभित्र लिखित रूपमै फरक धाराबाट दुई अलग-अलग प्रस्ताव प्रस्तुत भएको अघिल्लो पटकको खरिपाटी भेलादेखि नै हो । त्यस अघि लावाङ बैठकमा फरक बुँदाको रूपमा बाबुराम भट्टराईद्वारा चारबुँदे र तेह्रबुँदे प्रस्ताव ल्याइएको थियो । यद्यपि ती प्रस्तावहरू मुख्य नेतृत्वका प्रस्तावमा आएका कार्यशैलीगत विषयमा फरक भनेर ल्याइएको थियो । तर खासमा ती संसोधनवादी विचार मात्रै नभएर बुर्जुवा लोकतान्त्रिक मूल्य स्थापित गर्ने कुराको विधिवत विजारोपण थियो । मार्क्सवादकै सही विचार र संसोधनवादी विचारका लिखित दस्तावेजका रूपमा प्रचण्ड र किरणका फरक-फरक दस्तावेज आएको नै माओवादी आन्दोलनका निम्ति नयाँ इतिहास बनेको थियो । त्यतिवेलाको वैचारिक बहसलाई स्वस्थ बनाउने भन्दा पनि पुर्वाग्रही ढङ्गले अस्वस्थ बनाउने काम भएको थियो । किनकि पार्टीको मुख्य नेतृत्व सहितको एउटा टोली सरकारमा पनि थियो । जसले गर्दा मुख्य नेतृत्वको कभर र योजनामा त्यस वरिपरि गोलचक्कर मारेर तर खान खोज्ने प्रवृतिले बहसलाई शक्ति प्रयोग गरेर अस्वस्थ बनाउने कसरत नगरेको पनि होइन । त्यसको प्रभाव पछिसम्म पनि कार्यकर्ताहरूमा परिरह्यो । विचारधारात्मक बहसलाई गुटगत बहसको रूपमा लिने काम भयो । त्यसले पार्टी नेता र कार्यकर्ता बिचमा अस्वस्थता र वैमन्यस्यता पैदा गर्नाले नेतृत्वप्रति नै विश्वासको संकट पैदा भयो । पार्टी नेतृत्वदेखि कार्यकर्तासम्म विचारधाराको बहसलाई स्वाभाविक र स्वस्थ बनाइयो भने यसले कार्यकर्ताहरूको विचारधारात्मक चेतनाको पनि विकास गर्छ । हरेक कार्यकर्ता विचारमा बहस गर्न र आफ्नो बुझाई अनुरूप पक्षधरता लिन स्वतन्त्र हुन्छन् । बरू उनीहरू निणर्य भएको नीति, कार्यक्रम र योजना लागू गर्न प्रतिवद्ध हुनु पर्दछ । पार्टीभित्र जनवाद र केन्द्रीयतालाई ठिक ढङ्गबाट सञ्चालन गरियो भने छलफलमा स्वतन्त्रता र कामकार्वाहीमा एकरूपताको वातावरण निर्माण हुन्छ । आफ्नो विचार मिलेन भने नेताहरूको बदनाम गर्ने, खुइल्याउँदै हिँड्ने, कम्युनिस्ट आचरण र शिष्टताको पालना नगरेर गाली गलौजमा उत्रने, तल्ला कमिटिहरूमा नेतृत्वको आलोचना गरेर निरास पार्ने, होटेल, बस र सार्वजनिक ठाउँहरूमा पार्टी विचार र नेतृत्वको आलोचना गर्ने पद्दतीका विरूद्ध कडाई गरिनु पर्छ । आफूलाई लागेको कुरा पार्टी कमिटिहरूमा नराख्ने तर मिडियाहरूमा जथाभावी व्यक्त गर्ने प्रचलनको अन्त्य गर्नु पर्छ । फरक ढङ्गबाट कुरा राख्नेविक्तिकै असहिष्णु ढङ्गबाट निषेध गर्ने गर्दा पनि बाहिर खुल्ला रूपमा विषय राख्न बाध्य हुन्छ । यो जनवादको सही प्रयोग नहुनुको परिणाम हो । यो समस्या केवल माओवादी पार्टीभित्र मात्रै थिएन र छैन । नेपालका हरेक कम्युनिस्ट नामका पार्टीहरूको महारोग भनौ वा किमो गर्दा पनि सञ्चो नहुने गरी लागेको क्यान्सर रोग नै पार्टीभित्र चलाइने दुईलाइन सङ्घर्ष हो । नेपालको इतिहासमै दुईलाई सङ्घर्ष आयो कि पार्टीमा फुट नै भएको छ । यो रोग २०१७ सालको दोस्रो महाधिवेशनदेखि नै सुरु भएको हो ।

नेपाली कम्युनिस्ट आन्दोलनमा देखा परेको अर्को समस्या भनेको सिद्धान्तलाई सिद्धान्तमै सीमित गर्ने र बहसदेखि बहससम्म मात्रै विचारलाई कैद गर्ने हो । जबसम्म विचारलाई व्यबहारको कसिमा घोटिँदैन त्यो विचार सही र गलत भनेर छुट्टिँदैन । माओले त प्रष्ट रूपमा भन्नु भएको छ कि सही विचार कहाँबाट आउँछ भन्दा त्यो ब्यबहारबाट आउँछ । ब्यबहार भनेको वर्गसङ्घर्षको भट्टीमा जानु हो । आत्मगत परिस्थिति तयार भएको छैन भन्ने बहानामा सचेत पहलकदमी नलिने रोग पनि नेपालको कम्युनिस्ट आन्दोलनका अगुवा नेताहरूमा देखिन्छ । एकातिर विचारको शुद्धता खोज्ने क्रममा परिशुद्धतावादी हुँदा पार्टी टुक्रा टुक्रा भएर अस्तित्व नै मेटिने हुँदासम्म पनि जड् बनेर सिद्धिने तथा एकता गरेर ठूलो पार्टी बनाउने नाममा मार्क्सवादका विरोधी शक्तिमा रहेका कुडा कर्कट र प्रतिक्रियावादी तत्वहरूलाई समेत पार्टीमा हुलेर मास पार्टी बनाउँदै चुनावी मोर्चा जस्तो पार्टी बनाएर कम्युनिस्ट आन्दोलनलाई ध्वस्त पार्ने प्रवृत्ति पनि नेपालमा निकै जब्बर रूपमा चलेको छ । यी दुवै प्रवृत्तिका विरुद्ध सङ्घर्ष गर्दै वर्गसङ्घर्षमा जानु आज क्रान्तिकारी कम्युनिस्टहरूको गम्भीर चुनौती बनेको छ । यो चुनौतीको सामना गर्दै जनवादी क्रान्तिको खाका कोर्नुले नै आज माओलाई स्मरण गर्नुको औचित्य रहन्छ । *२०७८/०९/११*

## कम्युनिस्ट...

भएको छ । त्यसकारण यो खालको सङ्घर्षलाई सञ्चालन गर्ने विधि भनेको जनवादी केन्द्रीयता अनुसारमा खुल्ला लडाई गरिनु पर्दछ । यसरी माओको, दुई लाइन सङ्घर्षको अवधारणाको उहाँको बुझाई र कार्यान्वयनमार्फत वर्गहरू, वर्ग सङ्घष र अन्तरपार्टी सङ्घषलाई एउटा सही द्धन्दात्मक पद्धतिमा ल्याउने प्रयास थियो ।

मार्क्सवादमा माओको अर्को विकास भनेको उहाँले विकास गरेको मास लाइन हो ।

पार्टीको मार्क्सवाद लेनिनवाद सम्वन्धी आधारभूत बुझाइबाट सुरूगर्दै जनसमूहसंग सम्भावित धेरै नजिकको सम्वन्ध कायम राख्दै, माओले एउटा गुणात्मक नयाँ स्तरलाई मास लाइनको अवधारणामा विकास गरेको पाइन्छ । दर्शनको स्तरमा उहाँले देखाउनु भएको थियो कि कसरी ज्ञानको मार्क्सवादी सिद्धान्तको एउटा अति आवश्यक पक्ष थियो र त्यसै गरी कसरी यो अन्तरपार्टी सम्वन्धहरूको अति आवश्यक संगठनात्मक लाइन पनि थियो ।

माओले वर्णन गर्नु भएको छ कि पार्टीको व्यवहारिक काममा सबै सही नेतृत्वले अति आवश्यकतापूर्वक जनसमूहसंग बाट लिएर जनसमूहलाई नै दिने नीति अपनाउन पर्दछ । यसको अर्थः जनसमूह(मासेज)का विचारहरू लिनुस, यद्धपि ती छरिएका र शिलशिलेवद्ध हुदैनन् र तीनमा केन्द्रीत हुनुस अध्यनमार्फत तिनलाई केन्द्रीकृत र शिलशिलावद्ध विचारमा वदल्नुस, अनि जनतामा जानुस र प्रचारप्रसार र व्यख्या गर्नुस जवसम्म जनताले त्यसलाई आफ्नो विचारका रूपमा ग्रहण गर्दैनन्, तिनीहरूलाई बलियो गरी मुठ्ठिमा राख्नुस र तिनलाई कार्यमा रूपान्तरण गर्नुस, र यस्ता कार्यमा ती विचारहरूको ठिक वेठिक जाँच परख गर्नुस । अनि फेरी एक पटक जनताबाट आउने विचारहरू केन्द्रीत गर्नुस र फेरी एक पटक जनतामा जानुस ताकि विचारहरूलाई अगाडि लैजादा सुरक्षित गरिन्छन् । र फेरी फेरी अन्त्यहिन स्पाइरल(बलयाकार मार्ग), विचारहरू ज्यादा सही हुँदै, प्रत्येक पटक ज्यादा महत्वपूर्ण सम्पन्न विाारमा विकास हुने,यहि नै ज्ञान सम्वन्धी मार्क्सवादी सिद्धान्त हो ।

‘जनताबाट, जनतालाई’भन्ने सिद्धान्त व्यवहारमा ल्याउनका लागि माओले वर्णन गर्नु भएको छ कि सङघर्षमा अथवा एउटा संगठनमा जनता,कार्यकर्ता र नेतृत्वगरिरहेको समूहबीचमा सही सम्वन्ध भएको हुनुपर्दछ । यो आवश्यक छ कि पार्टीले नेतृत्वको न्यूल्यिस निर्माण गर्न कार्यकर्ताहरूलाई एक ठाउँमा ल्याउछ र नेतृत्वको यो न्यूल्यिसलाई जनतासँग लगेर नजिक बनाइदिन्छ । यदि यसो गरिएन भने पार्टी नेतृत्व व्युरोक्रेटिक बन्ने र जनताबाट सम्वन्ध विच्छेद भएर जाने हुन्छ । यो पनि आवश्यक छ कि नेतृत्व केबल सामान्य आव्हानहरू गरेर विषय सूँचीमा रहन सक्दैन् । जनरल आव्हानहरू यदि ती सही तरिकाले कार्यान्वयन गरिने हो भने निश्चित र ठोस मार्गदर्शनद्धारा अनुशरण गरिनु पर्दछ । ‘जनताका विचारहरू लिने र तिनमा केन्द्रीत हुने, अनि जनतामा जाने, विचारमा संरक्षित गर्ने र तिनलाई अगाडि लैजाने, यसरी नै नेतृत्वको सही विचारहरू निर्माण गर्ने हो । यहि नै नेतृत्व विकासको आधारभूत तरिका हो ।’ यसरी माओले जनतामाथि पार्टीको नेतृत्वको आधारभूत तरिका हो भन्नु भएको छ ।

अन्त्यमा माओ भन्नु हुन्छ कि मास-लाइनलाई जनसमूहमाथि पार्टीको नेतृत्वको सन्दर्भमा मात्रै हेरिनु हुँदैन् । वास्तवमा माओले अन्तरपार्टी सम्वन्धहरूलाई पनि मास-लाइनको कार्यान्वयन जोड दिनु हुन्छ । उहाँले यसलाई एउटा संगठनात्मक लाइनका रूपमा यसरी पनि हेर्नु भएको थियो । माओले निर्देश गर्नु भएको छ कि यसलाई सुनिस्चित गर्नका लागि त्यो लाइन साँचो अर्थमा जनसमूहसँग बाट आउँछ र खासगरी कि त्यो जनसमूहतर्फ फर्केर जान्छ,त्यहाँ केबल पार्टी र पार्टी बाहिर(वर्ग र जनताका बीचमा) का जनसमूहबीचमा नजिकको सम्वन्ध हुनै पर्दछ । बरू त्यो भन्दा पनि माथि उठेर पार्टीभित्रका नेतृत्वदायी संस्थाहरू र पार्टीभित्रका जनसमूहरू(क्याडरहरू र रैंक र फाइलबीचमा) नजिकको सम्वन्ध हुनै पर्दछ । यसरी माओले देखाउनु भएको थियो कि यो अति नै संगीन महत्वको थियो कि पार्टीको उच्च र तल्लो तहहरूबीच नजिकको सम्वन्ध राखिरहनु पर्दछ । कुनै पनि खालको अन्तरपार्टी व्रेक अपले जनसमूह र पार्टी नेतृत्वबीच खाडलमा परिणत हुने छ । यसले मासलाइनको कार्यान्वयनका विरूद्ध काम गर्ने छ ।

माओका माथि उल्लेखित सुधार गरिनु पर्ने र विकास गरिनु पर्ने अवधारणाहरू वास्तवमा नेपाली कम्युनिस्ट आन्दोलन र विश्व कम्युनिस्ट आन्दोलनका लागि सही मार्गनिर्देश गर्ने महत्वपूर्ण पक्षहरू भएको स्पष्ट हुन्छ । जनवादी केन्द्रीयता,पार्टीभित्र चल्ने दुई-लाइन संघर्ष र पार्टीले लिने मास लाइन, यी तीन अति महत्व राख्ने विषयहरूवारे मार्क्सवाद- लेनिनवाद- माओवादका आधारमा व्यापक बहस र सही कार्यान्वयनको आवश्यकता छ ।

*hukumsingh2012@yahoo.com*

## एमसीसी...

ठुलो रकम एम् सी सी सम्झौता विरोधी गतिविधिले गर्दा फिर्ता जाने भयो भनेर गोहीको आँसु झार्नेहरू पनि देखा परेका छन् नेपालमा । संचार माध्यम र सामाजीक संजालमा आएको जानकारी अनुसार अहिले सम्म परियोजनाको लागि भनेर १० अरब रु भन्दा बढी खर्च भैसकेको छ । एम् सी सी संसदबाट अनुमोदन हुने नहुनें टुंगै नभैकन कसरी यती ठुलो रकम खर्च भयो त ? भन्ने प्रश्न खडा हुन्छ । यसको जवाफमा के आउँछ भने यो रकम एम् सी सी संसदबाट पारित गराउने वातावरण तयार गर्नमा खर्च भएको हो । यसको अफिसमा काम गर्ने नेपाली नागरिकता भएका ठुला कर्मचारीले महिनाको १० लाख सम्म तलब र सुविधा पाउने गरेका छन् । तिनै मानिसहरू आज ‘एम् सी सी फगत् अनुदान हो, यो नेपाली जनताको दुख निवारण गर्नका लागि अमेरिकाले सित्तैं दिएको आर्थिक सहायोग हो’ भन्ने प्रचार गरिरहेका छन् । ‘नेपालमा यसको विरोध कहीँ कतैबाट भैहाल्यो भने अमेरिकाले यो परियोजना फिर्ता लान सक्दछ । त्यसकारण यसको विरोध गर्नै हुँदैन । चुपचाप संसदबाट पारित गरि दिनु पर्छ ।’ भन्ने प्रचार गर्ने काम पनि भैरहेका छन् । केही ठुला संचार घरानाका मिडिया पनि यसमा संलग्न भएको पाइन्छ ।

यदि अमेरिकी सरकारले बिना शर्त नेपालको विकासमा खर्च गर्न यो रकम दिएको भए, यसको विरोध हुने कुरै आउने थिएन । अन्य संस्थाहरूबाट आएको अमेरिकी सहयोग लिने कुराको कसले विरोध गरेको छ ? छैन । एमसीसी संझौतामा यस्ता प्रावधान छन् जसबाट अमेरिका नेपाल छिर्न चाहन्छ । उसका दुईवटा उद्देश्य छन् - नेपालका अमुल्य धातुहरू उत्खनन् गर्नु, जलस्रोत बिकृ गरेर भारत वा तेस्रो देश लैजानु एवम् नेपाललाई सामरिक अखाडा बनाएर अहिलेको विश्वमा देखा परेको अमेरिकाको पहिलो नम्बरको प्रतिस्पर्धी चीन सँग लड्नु । यी सबै काम हाम्रा लागि घातक छन् । त्यसकारण, यसको गाम्भिर्यता बुझेर नै एम् सी सी सम्झौता खारेज गरिनु पर्छ भनेर संघर्ष भैरहेको छ ।

***एमसीसी संझौताबारे तीन धारणा***

एमसीसी संझौताका विषयमा नेपालमा तीन धारणाहरू देखा परेका छन् : पहिलो, ‘ एमसीसी संझौता राष्ट्रघाती भएको हुनाले यसलाई पूरै खारेज गर्नु पर्छ ।’ एमसीसीको खारेजीका लागि सडक संघर्ष गरिरहेका वाम पंथी र देशभक्तहरू दृढतापूर्वक यो नीतिमा उभिएका छन् र सडक संघर्षमा भूमिका खेलिरहेका छन् । संसदमा प्रतिनिधित्व गर्ने केही दलहरू पनि यसमा पर्दछन् । दोस्रो, ‘ एमसीसी नेपालको आर्थिक विकासका लागि अमेरिकी सरकारले दिएको ठुलो अनुदान सहयोग भएको हुनाले यसलाई उम्काउनु हुँदैन, एमसीसी सम्झौतालाई जस्ताको तस्तै संसदबाट अनुमोदन गर्नु पर्छ ।’ एमसीसी अनुमोदन गर्नकालागि खर्च गरिएको अकुत रकमबाट लाभाण्वित भएका केही राजनीतिक पार्टीका केही नेता र कार्यकर्ताहरू, एमसीएका कर्मचारीहरू, सरकारी वा गैर सरकारी क्षेत्रमा काम गरेका माथिल्लो स्तरका कर्मचारीहरू, र अमेरिकी सरकारको दलाली गर्नेहरू आदि इत्यादि यसमा पर्दछन् । तेस्रो, ‘ एमसीसीमा भएका सबै प्रावधान राखेर जस्ताको तस्तै पारित गर्न सकिँदैन । नेपालको राष्ट्रिय हित विपरीत भएका प्रावधानलाई हटाएर मात्र एमसीसी संझौतालाई अनुमोदन गर्न सकिन्छ ।’ खासगरी संसदमा प्रतिनिधित्व गर्ने अधिकांस पार्टीका नेताहरूले यो विचार व्यक्त गर्ने गरेका छन् ।

तेस्रो विचार राख्ने राजनीतिक दलहरूले एमसीसीको प्रस्तावलाई संशोधन गर्नु पर्ने वा त्यसलाई परिमार्जन गर्नु पर्ने कुरामा जोड दिइरहेका छन् । एमसीसीका पदाधिकारी र अमेरिकी सरकारका मानिसहरू भनिरहेका छन् कि प्रस्तावमा फेरबदलको त कुरै छाडौं सामान्य हेरफेर पनि हुन सक्दैन । यसलाई जस्ताको त्यस्तै पारित गर्न उनीहरू जोड दिइरहेका छन् । यदि उनीहरूको अडान कायमै रह्यो भने कि एमसीसी सम्झौता जस्ताको त्यस्तै पारित हुन्छ कि यो खारेज हुन्छ । यो परियोजनाका पदाधिकारी र अमेरिकी सरकारका उपल्लो तहका मानिसहरूले बारम्बार अनुमोदन गर्ने समय सीमा निर्धारण गर्ने, निर्धारित समयमा एमसीसीको प्रस्ताव संसदको कार्यसूचिमा नचढे पछि फेरी समय सीमा बढाउने क्रम लामो समय देखि चलिरहेको सन्दर्भ माथि ध्यान दिँदा केहि साना तिना संशोधन वा हेरफेर गरेर भने पनि यसलाई अनुमोदन गरेर नेपाल भित्रिने योजनामा उनीहरू लागेको पनि अड्कल गर्न सकिन्छ ।

***एमसीसी कार्यसूचीमा कसरी चढ्न सकेन ?***

पटक पटक ‘ एमसीसी संझौता संसदमा टेबुल हुने भयो, संसदबाट पारित हुने भयो’ भन्ने अवस्था आएर पनि किन यो काम भैहाल्न सकेको छैन । यो महत्वपूर्ण विषय हो । यसका निमित्त संसद् भन्दा बाहिर रहेका वामपंथी र देशभक्त शक्तिहरूको भूमिका महत्वपूर्ण रहेको छ । उनीहरू निरन्तर सडक संघर्षमा उत्रिए । उनीहरू माथि भएका विभिन्न किसिमका दमन र हस्तक्षेपको पनि उनीहरूले परवाह गरेनन् । यसको प्रभाव जनतामा पर्दै गएको छ । यसका साथै संसद भित्र भएका पार्टीका एमसीसी संझौता राष्ट्रघाती हो भन्ने विचार राख्ने नेता र कार्यकर्ताले आफ् आफ्ना ठाउँबाट आवाज उठाए । तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को केन्द्रीय समितिमै यो वहशको विषय बन्यो । यस विषयमा अध्ययन गरी राय सहितको प्रतिवेदन पेस गर्न झलनाथ खनालको संयोजकत्वमा कार्यदल नै बन्यो । उक्त कार्यदलको बहुमतले यथास्थितिमा यसलाई पारित गर्नु नहुने प्रतिवेदन दियो । यो अवस्थामा सत्ताधारी पार्टीले एमसीसी पारित गरियोस् भन्ने निर्णय गर्न सक्ने अवस्था नभए पछि सभामुखले यसलाई संसद बैठकको कार्यसूची नबनाउनु स्वभाविक थियो ।

संघर्षद्वारा एमसीसी संझौता खारेज गराउन सकिन्छ

डिशेम्बर १४ तारिखमा एमसीसी संचालक समितिको बैठक न्युयोर्कमा बस्ने तय भएको र त्यसै दिन नेपालको संसदको बैठक बोलाइनु केवल संयोग मात्र थिएन । यसलाई संसद बैठकमा टेबुल गर्नकै उद्येश्यले योजनावद्ध रूपमा यो गर्न लागिएको अनुमान गरियो । यस प्रति जनतालाई सचेत गराउने र सरकार र सदनलाई दवाब दिने उद्देश्यका साथ पहिले देखि संघर्षरत २६ राजनीतिक संगठनका तर्फबाट देशभक्त, वामपन्थी शक्ति र आम जनतामा अपिल गर्दै मंसिर २४ गते त्यसको विरोधमा सशक्त जन प्रदर्शनको आयोजना सहित अपिल जारी गरियो ।

मंसिर २२ गते देखि नै नेकपा (क्रान्तिकारी माओवादी) सम्वद्ध प्रमुख जबसहरूको संयुक्त विरोध कार्यक्रम, अखिल क्रान्तिकारी, क्रान्तिकारी युवालिग, सम्पर्क मंचका साथै उक्त पार्टीको काठमाडौं जिल्ला समिति आदिद्वारा विरोध कार्यक्रमहरू सम्पन्न भए । मंसिर २४ को २६ राजनीतिक संगठनद्वारा आयोजित विरोध जुलुस र सभा शानदार रूपमा सम्पन्न भयो । ८ वाम पार्टी र मोर्चा संगठनद्वारा मंसिर २७ गते काठमाडौं स्थित एमसीए अफिस घेराउ र विरोध प्रदर्शन तथा मंसिर २८ गते संसद भवन घेराउको कार्यक्रम शानदार रूपमा सम्पन्न भयो । त्यस दौरानमा भएको निर्मम प्रहरी दमनमा ७५ जना क्रान्तिकारी नेता र कार्यकर्ताको गिरफ्तारी र २६ जना गम्भीर घाइते सहित ६० जना जति घाइते भएका घटनाले नेपालको राजनीतिमा ठुलो तरंग पैदा भयो । मंसिर २८ गते संसदको बैठक त बस्यो । तर, एमसीसी कार्यसूचिमा चढ्न सकेन । पुनः पौष ६ गतेका लागि आह्वान गरिएको संसदको बैठककै समय पारेर ८ पार्टी र मोर्चाद्वारा विशाल जन प्रदर्शन र विरोध सभाको आयोजना गरियो । यस प्रकार संघर्षकै बलमा अहिले सम्म एमसीसी संझौता संसदको एजेण्डा बन्न सकेको छैन । उपरोक्त घटनाक्रमहरूले के संकेत गर्दछन् भने संघर्षकै तागतले राष्ट्रघाती एमसीसी संझौतालाई खारेज गराउन सकिन्छ ।

*२०७८ पौष १० गते*

## कक्षा...

र पछि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् विद्यालय प्रशासनले रेस्टिकेटसम्म गर्ने धम्की दिँदै विद्यालयमा अध्ययनको निम्ति प्रवेश नदिइएकोले उक्त धम्की र व्यवहारबाट प्रताडित भएकी बिमलाले विष सेवन गरेको र उपचारको क्रममा उनको मिसन अस्पताल, ओखलढुङ्गामा पुस ६ गते मृत्यु भएको विषयलाई लिएर अखिल (क्रान्तिकारी)ले एक वक्तव्य जारी गरेको छ ।

संगठनका अध्यक्ष हरिकृष्ण गजुरेलले उक्त घटनाप्रति सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै सो घटनाक्रमलाई हेर्दा बिमलाको स्वाभाविक मृत्यु नभई हत्या नै भएको पुष्टि हुने दाबी गरिएको छ । वक्तव्यमा उक्त घटनाको सत्यतथ्य छानविन गरी घटनामा संलग्न दोषीहरूलाई यथाशीघ्र पक्राउ गरी उनीहरूमाथि हदैसम्मको कारवाहीको माग गरिएको छ ।

आम विद्यार्थीको सम्पूर्ण हक-अधिकारको सुनिश्चितता एवम् उनीहरूले स्वतन्त्रपूर्वक अध्ययन गर्न पाउने वातावरण तयार गर्न नेपाल सरकार र सम्बन्धित पक्षसँग जोडदार आग्रह गरिएको छ । अन्यथा, सशक्त सङ्घर्षमा उत्रन बाध्य हुने चेतावनीसमेत दिइएको छ ।

रोयल बुईपा A/C जम्बो हाईस


गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. - ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-२ ०७६/०७७) वर्ष ६ अङ्क २६ वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# माओ दिवस, विचार र संघर्ष : छोटो चर्चा

*तेस्रो विश्वका मुलुकहरूमा गरिने क्रान्तिको रूपरेखा जसरी माओले तय गर्नु भयो आज त्यसको झन् बढी सान्दर्भिकता पुष्टी हुँदै गएको छ । एउटा जीवन्त क्रान्तिकारी पार्टीभित्र विचारको बहस सञ्चालन हुनु स्वाभाविक नै हो*



● हिरामणि दुःखी ●

२६ डिसेम्बर विश्व कम्युनिस्ट आन्दोलनका एकजना महान् नेता माओवादका प्रणेता कमरेड माओत्से तुङको १२९औं जन्मजयन्ती हो । यतिबेला माओलाई स्मरण गर्नुको अर्थ हुन्छ माओवादी विचारधाराको रक्षा र विकास गर्नु । माओवादी विचारको रक्षा र विकास गर्न पहिलो माओले मार्क्सवाद-लेनिनवादमा गर्नुभएको सार्वभौम विकासलाई अझ बढी दह्रोसँग समात्नु पर्दछ । दोस्रो, वर्गीय आन्दोलनको बाटो सोझ्याउनु र जनवादी क्रान्ति सम्पन्न गर्नु पर्दछ । तब मात्रै माओलाई स्मरण गर्नुको अर्थ र महत्व रहन्छ । दुःखको कुरा आज माओवादलाई संसदवादसँग ब्यापार गरेर जुवा हारेका जुवाडेहरूले समेत माओलाई सम्झेको ढोंग देखाएर जनतामा भ्रमको खेति गरिरहेका छन् ।

तेस्रो विश्वका मुलुकहरूमा गरिने क्रान्तिको रूपरेखा जसरी माओले तय गर्नु भयो आज त्यसको झन् बढी सान्दर्भिकता पुष्टी हुँदै गएको छ । एउटा जीवन्त क्रान्तिकारी पार्टीभित्र विचारको बहस सञ्चालन हुनु स्वाभाविक नै हो । विचारको बहसले नै पार्टीको गति सञ्चालन भएको हुन्छ । पार्टीमा बहस हुनु भनेको माओको भाषामा सयौं फूलहरू फूल्न दिनु र विषालु झारपात गोडमेल गर्नु हो । पार्टीमा विचारको बहस भयो भनेर आत्तिने, अस्वाभाविक ठान्ने र त्यसलाई अस्वस्थ रूपमा बुझ्ने दृष्टिकोण पनि हामीले पाउने गर्छौं । पार्टीमा फरक दृष्टिकोण, बुझाई र बहस गर्ने वित्तिकै असहिष्णु बन्ने प्रवृत्तिले गर्दा नेपालको कम्युनिस्ट आन्दोलन टुटफुट र विभाजनको सिकार भएको इतिहास छ । पार्टीभित्र अन्तरसङ्घर्ष नै हुँदैन वा गर्नु पनि हुँदैन भन्ने, सबै नेताहरू एउटै भएर जानु पर्छ भनेर पार्टीमा एकमनावादी आदर्श खोज्नु मार्क्सवादी दृष्टिकोण र बुझाई होइन । यो अधिभूतवादी आदर्शवाद हो । यसले निषेधात्मक द्वन्द्ववादलाई प्रश्रय दिन्छ । मार्क्सले भन्नुभएझैं मार्क्सवाद भनेको झगडावाद पनि हो । त्यसैले त्यहाँ वाद, विवाद र सम्वाद अर्थात् रूपान्तरण हुन्छ । पार्टी भनेको विविध विचार र विपरितहरूको एकत्व हो भन्ने कुरालाई बुझियो भने पार्टीभित्र चल्ने अन्तरसङ्घर्षले कार्यकर्ताहरूमा विचलनता पैदा गर्र्दैन । बरू समृद्ध गर्छ । यहाँ स्पष्ट हुनैपर्ने कुरा के छ भने त्यस्तो विचारको बहस कुन उद्देश्य र लक्ष्यका निम्ति भएको छ ? के क्रान्ति सम्पन्न गर्ने र सर्वहारावर्गको मुक्तिका लागि भएको छ वा सुधारवादी चिन्तनका निम्ति भन्ने कुरा छुट्ट्याउनु पर्छ । मार्क्सकै पालामा विचारको बहस भएको थियो । सर्वहारावर्गको विजयका लागि क्रान्तिका आधारभुत शर्तहरू सर्वहारा अधिनायकत्व, सशस्त्र सङ्घर्ष र बल प्रयोगको सिद्धान्त जस्ता कुराहरूमा बहस हुँदा प्रथम अन्तर्राष्ट्रिय सङ्गठनमा विभाजन आएको थियो । त्यसवेला नै मार्क्सवादीहरू पनि क्रान्तिकारी र संशोधनवादी गरी दुई खेमामा विभाजन हुन्छन् भनेर मार्क्सले बताउनु भएको थियो । त्यसैगरी रूसमा अक्टोवर क्रान्तिपश्चात् पनि लेनिनको ट्रटस्की, बुखारीन, कामेनेभ, जिनोवियभहरूसँग एकखालको बहस भएको थियो भने जर्मन नेतृ रोजा लग्जेम्बर्गसँग अर्को खालको बहस भएको थियो । माओको पालामा देङ स्याओ फेङ, ल्यु साओ ची, छन् तस्यू र वाङमीन आदिसँग भएको बहस भिषण प्रकारको थियो भन्ने कुरा पनि हामीले बिर्सन हुँदैन । विश्व कम्युनिस्ट आन्दोलनमा भएका बहसहरू दुई धाराबाट भएका छन् । पहिलो, कम्युनिस्ट पार्टीलाई सुधारवादी र संशोधनवादी बनाउँदै लगेर वर्गसमन्वयवादी बनाउने धारा र वर्गसङ्घर्षद्वारा सर्वहारा अधिनायकत्व स्थापना गर्ने धाराबाट भएका छन् । दोस्रो, क्रान्तिकारी पार्टीभित्रै पनि क्रान्ति कसरी सम्पन्न गर्ने ? कार्यदिशा कस्तो बनाउँदा रणनीतिक लक्ष्य प्राप्त गर्न *बाँकी ७ पेजमा*

# क्रान्तिकारी पत्रकार महासंघको कपिलवस्तु अध्यक्षमा इन्दिरा खनाल

कपिलबस्तु । क्रान्तिकारी पत्रकार महासंघ कपिलबस्तुको दोस्रो भेलाले अध्यक्षमा इन्दिरा खनाललाई चयन गरेको छ ।

जिल्लाको बाणगङ्गास्थित कोइली बनगाईमा सम्पन्न भेलाले इन्दिरा खनालको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको हो । जनपक्षीय तथा क्रान्तिकारी पत्रकारहरूको साझा सङ्गठन महासङघले संगठन बिस्तार तथा सुदृढ अभियान अन्तर्गत भेला गरेको संगठनका केन्द्रीय महासचिव रवि पाण्डेयले जानकारी दिनुभयो ।

महासचिव पाण्डेयको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले जिल्ला समितिको उपाध्यक्ष अमृता थारु; सचिव निकिता केसी, सहसचिव अनिता जिसी र कोषाध्यक्षमा पुजा भुसाललाई निर्वाचित गरेको छ । भेलाले सदस्यहरूमा यादव उप्रेती, संगीता कुँबर, अस्मिता बिस्ट, अमृता भट्टराईलाई चयन गरेको छ ।

कार्यक्रममा क्रान्तिकारी पत्रकार महासङ्घका केन्द्रीय महासचिव रवि पान्डेयले पत्रकारहरू प्रचारकर्ता संगठनकर्ता र आन्दोलनकर्ता रहेको बताउनुहुँदै जनपक्षीय पत्रकारको अब्बल संगठन क्रान्तिकारी महासङ्घ रहेको र श्रमजीविहरूको सच्चा पहरेदारको रूपमा अगाडि बढेको बताउनु भएको थियो । भेला कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) पोलिट्ब्युरो सदस्य एवं प्रदेश सेक्रेटरी भुपेन्द्र न्यौपानेले रास्ट्रियता, जनतन्त्र र जनजीबिकाको पक्षमा कलम चलाउनु पर्नेमा जोड दिनुभयो । अर्का पिबिएम तथा कपिलवस्तु इन्चार्ज धनेश्वर पोखरेल, देजमोमा अध्यक्ष ज्ञानिराम पुरी लगायत नेताहरूले शुभकामना मन्तव्य ब्यक्त गर्नुभएको थियो । कार्यक्रममा क्रान्तिकारी माओवादीका जिल्ला सदस्य तुलसीराम पोखरेल, अखिल क्रान्तिकारीका लुम्बिनी प्रदेश सदस्य मनोज थापालगायतको समेत आतिथ्यता रहेको थियो ।


## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

**झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ**

नेपाल सरकार
**विज्ञापन बोर्ड**








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।